## सहिदभूमि गाउँपालिका,

धनकुटा जिल्ला,

### १. चालु वर्षको बेरुजु २०७९।८०

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२० | ८२ | २८७२९ | ० | ३६ | ९४०९ | १२० | ४६ | १९३२० | ३५५६ | ५६५८ | ७५७८ | ० | ० | १३२३६ | २५२८ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनकुटा | ४९६१३ | - | ० | ४९६१३ | ० | १९३२० | ६८९३३ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | २७.४ | ढिला राजस्व दाखिला | ७९५६५ |
| २ | | ६३.६ | बढी तलब भुक्तानी | २९६३२७ |
| ३ | | ६३.७ | शिक्षक नियुक्त नगरी विद्यालयलाई निकासा भएको | ३४५९९९८ |
| ४ | | ६७.३ | नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश गर्नु पर्ने देखिएको | ४९२०३३४ |
| ५ | | ७० | भत्ता उपलब्ध गराएको | ४५,९८५ |
| ६ | | ७१ | कर कट्टा नभएको | ११६८३ |
| ७ | | ७५ | प्रमाण पेश नभएको | ५१३०० |
| ८ | | ८०.३ | कम कर कट्टी गरेको | १८५३३ |
| ९ | | ८४ | जिन्सी दाखिला नभएको | १६००० |
| १० | | ८५ | जिन्सी दाखिला नभएको | ४८५७५४ |
| ११ | | ९९ | बढी पारिश्रमिक | २३२९० |
| | **चालु वर्षको जम्मा** | | | **९४०८७६९** |
| | **गत विगत वर्षतर्फको** | | | ० |
| | **कुल जम्मा** | | | **९४०८७६९** |

**परिचय**

१ **(क) सहिदभूमि गाउँपालिकाकको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । ७ वडा, ३८ सभा सदस्य, ९९.५५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ७६० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२७ देखि २०८०।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय — व्ययतर्फ रु.६०९४५२११९.०४सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.६०९४५२११९.०४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **स्थानीय सञ्चितकोष-** आर्थिक वर्ष २०७९।८० को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था अनुसुची ३ मा रहेको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरण विश्लेषणः**

३.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको सम्बन्धमा पालिकाले पेश गरेको एकिकृत वित्तिय विवरण प्रतिवेदन अनुसुची ४ मा रहेको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९५९१८०६२।६३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.७५६७०३५६।१९ मौज्दात रहेकोमा यो वर्ष रु.७५७२०२०६.२९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४९८५०.१० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७९५२८७६।१० , यस वर्षको प्राप्ति रु.३०८२७२१७।१६, यस वर्षको भुक्तानी रु.२२८७६९३८।६० सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ८३६७३०८५।३९ | ४०६९८३८३२।७२ | ४२५०९१५५८।४७ | ६५५६५३५९।६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७५७२०२०६.२९ | ४३७८१३०५०।३२ | ४४७९६८४९७।०७ | ६५५६५३५९।६४ |
| फरक | ७९५२८७६।१० | -३०८२७२१७।१६ | -२२८७६९३८।६० | ० |

सैद्धान्तिक बेरुजु

३.५ **सुत्रमा अल्या फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । साथै गत वर्षको SuTRA को वित्तीय विवरण मलेप फा नं २७२ मा वर्षन्तको बैक तथा नगद बाँकी रु. ७५६७०३५६।१९ रहेकोमा यस वर्षको शुरुमा रु. ८३६७३०८५।३९ देखिन्छ। वर्षन्तमा बैक तथा नगद बाँकी रु. ७५६७०३५६।१९ रहेको रकम वरावरको रकम जिम्मेवारी सार्नुपर्नेमा रु. ८००२७२९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले १४ वटा ऐन, ७ नियमावली, ३५ कार्यविधि र २ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०७४ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५/३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखि नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा समाहित भएका साबिकका गाउँ बिकास समितको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको पाइएन ।पालिकाले पेश्की तथा बेरुजु अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ५ बजेट, कार्यक्रम तथा योजना तर्जूमा र कार्यान्वयन-

५.१ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति , बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता मिलाउने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि समितिले बजेट तथा कार्यक्रम तर्जूमाको लागि

तथा स्रोत अनुमान गर्ने तथा सिमा निर्धारण गर्ने लगायतको कार्यहरु प्रभावकारी रुपमा कार्यसम्पदान गरेको पाइएन । ऐनको व्यवस्था बमोजिम समितिको गठन गरी प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **बजेट पेश, पारित र अख्तियारी प्रदान:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका उपाध्यक्षले २०७९।३।१० मा रु ५१ करोड ९२ लाख ६१ हजार ६९० रुपैयाको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२४ मा पारित भएको छ । अध्यक्षले २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरेको भएतापनि प्रमुख प्रशासकीय अधिकृतले शाखा तथा वडा कार्यालयलाइ अख्तियारी प्रदान गरेको छैन । साथै ऐनले तोकेको म्यादभित्र अख्तियारी दिई बजेट खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **क्षेत्रगत बजेट र खर्चको स्थिति:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **मुख्यक्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्चमा प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४१९३९००० | २८८७८४८३ | ६.७० |
| सामाजिक क्षेत्र | २७४०७७७३२ | २४०५३८७४८.१७ | ५८.२९ |
| पूर्वाधार विकास क्षेत्र | १२३८३६६०० | ७२१११४१० | १७.४८ |
| वातावरण तथा विपद् व्यवस्थापन | २०००००० | ० | ०.०० |
| संस्थागत विकास र सेवाप्रवाह | १४०७७००० | ११११४७६८४ | २.७० |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ८४१४६४४३.७८ | ६००६०२३८.४० | १४.५६ |
| **जम्मा** | **५३८०७६७७५.७८** | **४१२७३६५६३.५७** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.२९ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापनमा विनियोजित बजेट खर्च भएको छैन् ।

सैद्धान्तिक बेरुजु

५.४ **चौमासिक पूँजीगत खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ३ अनुसार प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका कोषवाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पहिलो चौमासिकमा २३.९९ प्रतिशत, दोश्रो चौमासिकमा १३.६६ प्रतिशत र तेश्रो चौमासिकमा ६२.३५ प्रतिशत रहेको छ । तेश्रो चौमासिकको पनि असार महिनामा मात्र कुल खर्चको २६.४० प्रतिशत खर्च भएको छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

रकम रु हजारमा

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्च | २८४११०.०३ | ७३८०३.३२ | ४६२३५.७३ | १६४०७०.९८ | ७९२९२.२७ |
| २ | पूँजिगत | १२८६२६.५० | २४८६०.९० | १०९५५.२५ | ९२८१०.३५ | ५७२१६.४९ |
| ३ | जम्मा | ४१२७२६.५३ | ९८६६४.२२ | ५७१९०.९८ | २५६८८१.४३ | १०८९७३.७८ |
| | प्रतिशत | १०० | २३.९९ | १३.६६ | ६२.३५ | २६.४० |

सैद्धान्तिक बेरुजु

५.५ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७९।८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्

| विवरण | जम्मा |
|---|---|
| रु.१ लाख सम्मका योजनाहरु | ६४ |

| | |
|---|---|
| रु.१ लाख देखी २ लाख सम्मका योजनाहरु | ४१ |
| रु.२ लाख देखी ५ लाख सम्मका योजनाहरु | ४२ |
| रु.५ लाख देखी १० लाख सम्मका योजनाहरु | १० |
| रु.१० लाख भन्दा माथिका योजनाहरु | ०४ |
| जम्मा | १५७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस जम्मा १५७ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १४७ वटा योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.६ **रकमान्तर:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यापालिकाले २५ प्रतिशत सम्म पूजिगत खर्चमा रकमान्तर गर्न पाउँने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न मितिमा १६ चालू तथा पूजीगत योजनाको जम्मा रु.३९७०००० घटाई सो रकम १९ योजनामा बढाएको पाइयो । पालिकाले ऐनमा व्यवस्था भए बमोजिमको अवस्थामा मात्रै रकमान्तर गरी खर्च लेख्नेतर्फ जोड दिनुपदर्छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.७ **अबण्डा बजेट:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले योवर्ष अन्य भवन निर्माणमा रु.५००००००।००,अन्य पर्यटन विकास कार्यक्रममा रु.२५०००००।००, खेलकुद प्रबर्द्धन कार्यक्रममा रु.३२५००००, अन्य खानेपानी तथा पोलिथिन पाइप खरिदमा रु.२००००००।००, गाउ सभा सदस्य पूर्वाधार कार्यक्रममा रु.३८०००००।००, सहिदभूमि गापा अन्य सडक रु.२२०००००।००, विपन्न सँग अध्यक्ष कार्यक्रममा रु.५००००००।००, अन्य लक्षित कार्यक्रममा रु.४२५००००।००, विद्यालय भौतिक पूर्वाधार निर्माण तथा फर्निचर खरिदमा रु.१२०००००।०० तथा अन्य सडक सुधारमा रु.५००००००।०० गरी कुल रु. ३४२०००००।०० बजेट व्यवस्था गरी क्रमश रु.४३८८९५६।००, रु.८२६०३०।००, रु.२९०२५९८।००, रु.९४८२५७।००, रु.३२७७३१५, रु.२२०००००।००, रु.४५९२७२३, रु.१७८८२५६, र रु.१२६१४४६ र रु.५००००००।०० गरी कुल रु.२७१८५५८१।०० बजेट विभिन्न भैपरी योजना तथा प्राप्त निवेदन र आदेशको आधारमा खर्च गरेको तथा वितरण गरेको छ। बजेट अबण्डामा राखी तोक आदेशबाट खर्च गरी कार्यपालिकाको वैठकबाट समर्थन गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता

कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई अबण्डा राख्ने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.८ **गत विगतको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१८१८३७९७।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४३ लाख ५० हजार ३३४, गत वर्षको अल्या रु ७ करोड ५७ लाख २० हजार २०६, अन्तर सरकारी अख्तियारीतर्फ रु. ९ करोड ५९ लाख १८ हजार ६२ विभिन्न कोषको आय ९४ लाख १६ हजार ७ सय ७६ राजस्व वाडफाड र अनुदानबाट रु. ४२ करोड ४० लाख ४६ हजार ७४० समेत गरी रु.६० करोड ९४ लाख ५२ हजार ११९ आम्दानी भएकोमा चालु तर्फ रु. ४१ करोड ५२ लाख ६० हजार २२७ र पूँजिगत तर्फ रु. १२ करोड ८६ लाख २६ हजार ५३२ समेत रु. ५४ करोड ३८ लाख ८६ हजार ७५९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५४ लाख ३४ हजार खर्च भएको छ । पालिकाको चालू खर्चको तूलनामा पुजिगत खर्च अत्यन्त न्यून रहेको छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सेवाप्रवाहको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १४ वटा ऐन, ७ नियमावली, ३५ कार्यविधि र २ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| नागरिता सिफारिस | ० |

| | |
|---|---|
| जन्मदर्ता मृत्युदर्ता | ८५९ |
| घरबाटो सिफारिस | ० |

पालिकाले प्रशासनिक कार्यको लक्ष्य प्रगति सहितको विवरण नतोकेको कारण सेवा प्रवाह सम्बन्धमा विश्लेषण गर्न सकिएन । लक्ष्य प्रगति सहितको विवरण तयार गरी सेवा प्रवाहलाई प्रभावकारी गराउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ तलवी प्रतिवेदनः निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु.१५५७४९१०।७४ पालिकाका कर्मचारी तथा शिक्षकहरु रु.३९८५१३७२।४० समेत रु.५५४२६२८३।१४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च गर्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन सहायक सहित सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.३ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६४ जना कर्मचारीहरु करारमा राखि रु. १ करोड १६ लाख ५८ हजार ६७ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित

पद वाहेकको विभिन्न प्रशासनिक, अनमी ल्याव असिस्टेन्ट, अहेव तथा मे.सु जस्ता पदहरुमा दरबन्दी सृजना गरी करार नियुक्ति गरेको छ । व्यवस्थापन तथा दरबन्दी सर्वेक्षण गरेर मात्र कर्मचारी स्थायी नियुक्ति गर्न तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **लक्ष्य प्रगति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले वार्षिक अन्तरसरकारी अख्तियारी तथा कोष समेत गरी रु. १२ करोड ९८ लाख ७८ हजार ७ सय ५६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले बार्षिक खरिद योजना र गुरुयोजना बनाएको पाइएन । यसबाट सार्वजनिक खरिद मितव्ययी नहुने, बस्तु तथा सेवा तोकिएको समयमै प्राप्त नहुने र योजना समयमै सम्पन्न नहुन सक्ने जोखिम रहने हुँदा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ कानून निर्माण एवं कार्यान्वयन

११.१ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ७ नियमावली, ३५ कार्यविधि र २ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा संविधानको अधिकार क्षेत्रका विषयमा आवश्यक कानून तर्जूमा गरी प्रभावकारी रुपमा सेवा प्रवाह गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप

प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । विगत वर्षका फछ्यौट गर्न बाकी निवेदन १ रहेकोमा यो वर्ष ३ निवेदन दर्ता भई २ निवेदन फछ्यौट भएकोमा २ निवेदन टुङ्गो लगाउन बाकी देखिन्छ । समयमै निवेदन फछ्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **सम्पत्ति हस्तान्तरण तथा अभिलेख-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा हस्तान्तरण भइ वा खरिद गरि प्राप्त मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छः

१३.१ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुगराउनु एवं अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । नियमको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक लेखापरीक्षण-** आर्थिक कार्बिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभवकारीताका आधारमा

आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गरेको छैन । ऐन तथा नियमावलीको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गर्नतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **जिन्सी निरिक्षण-** आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियमन ९९ (१) मा कार्यालय प्रमुखले बर्षमा कम्तिमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेकका कर्मचारीको नेतृत्वमा समिति गठन गरी गराइ तोकिएको ढाँचामा जिन्सी निरिक्षण प्रतिबेदन लिइ सोको कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरिक्षण गरेको छैन । यसबाट पालीकाको जिन्सी सम्पत्तिको अवस्था यकीन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१६ **अनुदान फिर्ता-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । एकिकृत वित्तीय विवरण बमोजिम २०८० असार मसान्तमा संघीय सरकार तथा प्रदेश सरकारतर्फ देहाय बमोजिम अनुदान खर्च नभई बाँकी रहेकोमा सो रकम असार मसान्तमै सम्बन्धित सरकारको सञ्चितकोष फिर्ता भएको देखिएको छ ।

| अनुदान | कुल प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|
| संघ | | | |
| सशर्त | २३९०२७५६७ | २२४००५६७६.३० | १५०२१८९०.६० |
| विशेष | ७३२५८६० | ६८४४०१५ | ४८१८४५ |
| समपुरक | ४७१०००० | ४५२०४७० | १८९५३० |
| जम्मा | | | १५६९३२६५.६० |
| प्रदेश | | | |
| सशर्त | ६२०८००० | ५८२६६९३ | ३८१३०६ |
| विशेष | ० | ० | ० |
| समपुरक | ७५००००० | १०४८३६३ | ६४५१६३७ |
| जम्मा | | | ६८३२९४३ |

१७ **अनुदानमा दोहोरोपना तथा वितरणमुखी खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सरकार तथा प्रदेश सरकारले सञ्चालन गरिरहेका कार्यक्रमहरुमा दोहोरोपना हुने गरी मिल्दोजुल्दो कार्यविधि तर्जुमा गरी अनुदान तथा वितरणमूखी कार्यक्रममा देहाय बमोजिम खर्च गरेको छ । यसरी संघिय तथा प्रदेश सरकारहरुले सञ्चालन गरिरहेकै अवस्थामा पुन त्यस्ता कार्यक्रम संञ्चालन गर्दा लाभग्राही दोहोरिए वा दोहोरोपना भए नभएको सम्बन्धमा स्पष्ट विवरण खुल्ने कागजात राखेको छैन् । साथै सोहि किसिमको कार्यक्रममा विगत वर्षको लाभग्राही को हुन्, यस वर्ष संघ प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमका लाभग्राही फरक फरक भएको वा एउटै भएको स्पष्ट खुल्ने अभिलेख छैन् । तसर्थ यसरी आन्तरिक आय न्युन भएको अवस्थामा अनुदानबाट प्राप्त रकममा संघ र प्रदेश सँग कार्यक्रममा दोहोरोपना हुने गरी वितरण तथा सञ्चालन तथा अनुत्पादक किसिमका वितरणमूखी कार्यक्रममा गरिने खर्चहरुमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणहरु निम्न रहेका छन् ।

| **कार्यक्रमको नाम** | **विनियोजित रकम** | **खर्च रकम** | **मिल्दो जुल्दो कार्यक्रम** |
|---|---|---|---|
| पोलिथिन पाइप खरिद | १०००००० | १००००० | वितरण मुखी कार्यक्रम । पाइप खरिद गरी तोक र निवेदनको आधारमा वितरण गरेको । सोको उपयोग भए नभएको विस्तृत अनुगमन छैन् । |
| विउ विजन खरिद र वितरण | ३००००० | २९८००० | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |
| प्लास्टिक टनेल खरिद र वितरण वडा २ | १००००० | ९४९६७ | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |
| ढुसीनासक विसादी खरिद | २००००० | २००००० | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |
| कृषि औजार वितरण | ५००००० | ४८७५०० | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |
| विभिन्न कृषि उपकरण वितरण | १९००००० | १२४४९११ | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |
| गोठ सुधार कार्यक्रम | ५००००० | ४६०८७१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम |

सैद्धान्तिक बेरुजु

१८ **अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शिक्षामा अनुदान उपलव्ध गराएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति समेत तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **श्रोतको उपयोगमा मितव्ययीता**

१९.१ सुसासन (व्यवस्थापा तथा सन्चालन) ऐन २०६४ तथा सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ मा सरकारी श्रोतको प्रयोग गर्दा मितव्ययी ढगबाट अधिकतम सदुपयोग हुने गरी गर्नुपर्ने साथै भ्रमण, तालीम, इन्धन तथा सवारी साधनको प्रयोगमा मितव्ययीता कायम गर्नुपर्ने उल्लेख छ। पलिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीले यस बर्ष अनुगमन, भ्रमणमा तथा वैठक भत्तामा रु ३५ लाख ८१ हजार ४ सय ६५, सवारी साधानको भाडामा रु १ लाख ८९ हजार ४ सय १०, इन्धनमा रु १५ लाख ६८ हजार ८ सय ९३, र पत्रपत्रिका तथा छपाइमा रु ८ लाख ८६ हजार ८ सय ९३ खर्च लेखेको पाइयो । पालिकाको कार्यक्षेत्रमा संचालित निर्माण तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन, जिल्ला सदरमुकाम र विराटनगर लगायतका स्थानमा जाने गरेको पाइयो । यस्ता खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.२ **भ्रमण प्रतिबेदन**: भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी भ्रमण सम्पन्न भए पश्चात भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यसबर्ष भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति सहितको भ्रमण प्रतिबेदन पेश भएको पाइएन ।यसबाट एकातर्फ भ्रमण प्रभावकारी नहुने अर्कोतर्फ भ्रमण खर्च समेत अनुत्पादक हुने हुदा बिस्तृत प्रतिबेदन पेश गर्ने गराउने तर्फ सम्बन्धितको ध्यान जानु पर्दछ ।पालिकाबाट भएको भ्रमण खर्चको औचित्य र प्रभावकारीता यकीन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

२० **विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.१४४८६०१।०० खर्च गरेको छ । पालिकाको आन्तरिक आय जम्मा

रु.४३५०३३४।०० मात्र रहेको अवस्थामा विविध खर्चमा सोको ३३।२९ प्रतिशत खर्च भएको छ । पालिकाले यस्ता अनुत्पादक खर्चमा कटौती गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.६००४०९ अन्य सामाजिक सुरक्षा र स्वाथ्य यतायत खर्च शिर्षकमा रु.४२५००० खर्चमा वितरण गरेको छ । पालिकाले मापदण्ड बनाएतापनि केकति कस्तो अवस्थामा सामाजिक सुरक्षा प्रदान गर्ने हो सो उल्लेख गरेको छैन् । यसरी अनुदानमा प्राप्त रकमलाई आर्थिक सहायताको रुपमा वितरण गर्ने कार्यमाथि नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **संचालन खर्च-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा ७३ ( ६) मा प्रमुख प्रशासकीय बजेट खर्च गर्दा नियमितत, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यका आधारमा गर्नुपर्ने व्यवस्था छ । विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, स्टेसनरी, मर्मत, गोष्ठी जस्ता क्रियाकलापमा बढी केन्दीत भइ खर्च गरेको पाइयो । संचालन खर्चमा न्यूनिकरण गरी मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं | जम्मा भत्ता |
|---|---|
| १३५।२।१७ | ८५००० |
| १५३।३।०५ | ११४६०० |
| ४।५।२० | ४२२५० |
| ५।५।२० | ११३५० |
| ४७।११।१६ | ५२१०० |
| ४८।११।१६ | २०३०० |

सैद्धान्तिक बेरुजु

२३ **कर्मचारी कल्याण कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस वर्ष कर्मचारी कल्याणकोषमा कुनै रकम ट्रान्सफर नगरी गत वर्षदेखिकै रकम रु.९२८१२१ लाई अल्या गरेको छ । कानूनी व्यवस्था बमोजिम कर्मचारी कल्याणकोष स्थापना गर्नतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **अपाङ्गता रोकथाम तथा पुर्नःस्थापना कोष-** गाउँपालिकाले प्रदेश सरकार तथा करुणा फाउन्डेशनसँगको साझेदारीमा स्थापना तथा सञ्चालन गरेको यो कोषमा अल्या सहित जम्मा रु.३३६८३७४.०० आम्दानी भएकोमा रु.३०१६४५७।०० खर्च भई रु.३१६९१७।०० बाकी रहेको छ । यस कोषबाट सिएसएफ सहजकर्ताको पारिश्रमिक र अन्य चालू किसिमका बैठक भत्ता लगायत काममा खेच भएको देखियो । चालू खर्चहरुमाथि मितव्यिता कायम हुने गरी कोषको सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **धरौटी तर्फ-** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु.४५३४९१७.९० अल्या गरेकोमा यस वर्ष रु.१४१३८९६.०० कूल आम्दानी देखाएकोमा रु.३०४३१०८.८० फिर्ता भै रु.२९०५७०६.०० मौज्दात बाँकी रहेको देखिन्छ । कार्यालयले राख्नुपर्ने केन्द्रीय धरौटी खाता, व्यक्तिगत धरौटी खाता र नाम नामेसी विवरण समेत राख्ने नगरेबाट मौज्दात बाँकी रकम यकिन गर्न सकिने आधार देखिएन । अतः नियमानुसार राख्नुपर्ने खाता तथा विवरण राखी धरौटी अभिलेख अद्यावधिक गर्नुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ । आर्थिक बर्षको अन्त्यमा अनुसूची बमोजिमको पेश्की फस्यौंट गर्न बाँकी रहेको छ । उक्त पेश्की हालसम्म समेत फछ्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली र ठेक्का सम्झौता बमोजिम फछ्यौंट गर्नुपर्ने रु

| | |
|---|---|
| पेश्की | २५,२८,०८० |

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २७ कर दस्तुर एवं आन्तरिक आय

२७.१ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ।यो वर्ष गाउँपालिकाले आन्तरिक आयको श्रोतगत आँकलन

गरेको देखिएन। तथापी स्थानीय तहमा सिफारिस दस्तुर मालपोत दस्तुर वहाल कर जस्ता शिर्षकवाट यो वर्ष रु.४३५०३३४।९९ आम्दानी गरी वैङ्क दाखिलाको आधारमा आम्दानी बाँधेको देखिन्छ। गाउँपालिकाले केन्द्र र सवै वडाहरुवाट संकलन भएको आयको अभिलेख तयार नगरेका कारण वास्तविक आय तथा दाखिला गर्न वाँकी आयका सम्वन्धमा एकिन गर्न सकीएन । गाउँपालिकाले वास्तविक राजश्व रकम एकिन गरि समायोजन हिसाव तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.२ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा विस्तार ल्याउनु पर्दछ । साथै मनोरञ्जन कर कृषि क्षेत्रको आय पार्कीङ् शुल्क जलस्रोत सम्वन्धि दस्तुर र प्रदुषण नियन्त्रण शुल्कमा शुन्य आय देखिएको छ । उदाहरणको लागि गाउँपालिकाले निम्न शीर्षकमा आय अनुमान र असुली स्थिति अनुसुचीमा रहेको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७.३ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२३५०० तथा व्यवसाय कर वापत रु.२४१३२५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.४ **राजस्व दाखिलामा ढिलाईः**

**✍ ...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.७९५६५।- सम्परीक्षण गरिएको ।**

२७.५ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.. असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु..

| क्र.सं. | व्यवसायी | न्यूनतम कायम रकम | कबोल रकम | मूअकर |
|---|---|---|---|---|
| १.हाट वजार सेवा शुल्क | राज कुमार राई | ७५००० | ७५०५० (१० प्रतिशत छुट सहित दाखिला रु.६७५४५) | ९७५८ |
| २.त्रिवेणी पुलबाट हुने निकासी | पदम बहादुर राई | ३७५०० | ३९००० (१० प्रतिशत छुट सहित दाखिला रु.३५१००) | ५०७० |
| जम्मा | | | | १४८२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८२८ |

२७.६ **सम्पति कर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५** मा पालिकाले आफ्नो कार्यक्षेत्रमा एकिकृत कर संकलन गर्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले एकिकृत सम्पति कर वापत रु.१४५७१४१.५० कर सङ्कलन गरेकोमा पालिका भित्र कर बुझाउन आउने व्यक्ति तथा संस्थासँग कर संकलन गर्ने गरेको देखियो । पालिकाको क्षेत्रभित्र रहेका व्यक्ति तथा संस्थाहरुको नाममा रहेको निजि सम्पतिको विवरण अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको एकिकृत सम्पति कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले क्षेत्र भित्र रहेका निजि सम्पतिको स्वामित्वको सम्पूर्ण विवरण अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७.७ **रसिद नियन्त्रण खाताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ मा ऐन वमोजिम राखुपर्ने प्रत्येक कारोवारको लेखा राखुपर्ने उल्लेख छ। सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखी रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। साथै पालिकाले दैनिक आम्दानी किताव मलेपफा नं १०२, राजश्वको गोश्वरा भौचर म.ले.प.फा.नं १०३, राजश्व आम्दानीको शिर्षकगत खाता म.ले.प.फा. नं १०४, राजश्व आम्दानीको वैङ्क नगदी किताव म.ले.प.फा.नं १०८, राजश्व आम्दानीको आर्थिक विवरण म.ले.प.फा.नं ११०, नगदी रसिदको अभिलेख म.ले.प.फा.नं. ९०४ समेत नराखेको पाइएन। पालिकाले विगत बर्ष छापिएका नगदी रसिदहरु समेत प्रयोग गर्ने गरेको पाईयो। गाउँपालिकाले गतबर्षको बाँकी, यस आर्थिक बर्षमा छपाएका, प्रयोग गरि यस बर्ष बाँकी देखिने गरी तोकिएको ढाँचामा रसिद नियन्त्रण खाता राखेको पाईएन। कतिपय वडा कार्यालयहरुले गत बिगतका बाँकी रसिद केन्द्रमा फिर्ता नगरी पुनः प्रयोगमा ल्याएको पाईयो। आर्थिक बर्ष समाप्त भईसक्दा समेत पुराना रसिद गाउँपालिकालाई फिर्ता नगरि पूनः प्रयोगमा ल्याएको र नगदी रसिद छपाई, प्रयोग र बाँकीको व्यवस्थित

अभिलेख नहुदा पालीकाले संकलन गरेको राजस्वको वास्तविकता यकीन गर्न सकिएन। पालिकाले केन्द्र र वडाहरुले प्रयोगमा ल्याएका रसिदको संख्या, सोको प्रयोग, बाँकी रसिद र प्रयोग भएका रसिदबाट प्राप्त आम्दानी र दाखिलाका सम्बन्धमा आवश्यक छानविन गरी एकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७.८ **राजस्व संकलन सफ्टवेयरः** कार्यालयले कर संकलनका प्रयोगमा ल्याएको स्थानीय तह आय लेखांकन प्रणाली (Sangrila) बाट स्थानीय तहका राजस्व संकलन गर्दै आएको जनाएको छ। उक्त सफ्टवयरमा बहालकर, व्यवसाय कर, पार्किङ्ग शुल्क, पर्यटन शुल्क, परीक्षा शुल्क जस्ता केही राजश्व शिर्षकको दर र सो अनुसारको राजस्व रकम स्वतः नआउने र प्रयोगकर्ताले म्यानुअली राखेर गणना गर्नुपर्ने देखिन्छ। साथै अघिल्लो महिना संकलन भएको कुल राजस्व पछिल्लो महिनाको शुरुमा सोही रकम अ.ल्या. हुनुपर्नेमा फरक हुने गरेको पाईयो। तसर्थ सफ्टवयरको प्रयोगबाट संकलित राजस्वको वास्तविकता समेत यकीन गर्ने अवस्था छैन् । पालिकाले राजस्वको हिसाव यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा १ थान डोजर रहेकोमा सो सञ्चालनको इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय तथा व्यय व्यवस्थित गरेको छैन् । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ । यसबाट यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राखु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सामाजिक सुरक्षातर्फ - सामाजिक सुरक्षातर्फ** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणतर्फ यसवर्ष सेवाप्रदायक बैंकहरुमार्फत लाभग्राहीहरुको खातामा कुल रु.९७२७८४८९ निकासा गरेकोमा विभिन्न मितिमा लगत कट्टामार्फत रु.१३६०४२६ फिर्ता भई रु.९५९१८०६३ भुक्तानी खर्च लेखेको पाइयो । सामाजिक सुरक्षा तथा संरक्षणतर्फ देखिएका व्यहोरा निम्नानुसार छन ।

२९.१ निस्कृय खाताको विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा ३ मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवाप्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न अयोग्य भएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मितिपछि भन्दाको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले कार्यविधि अनुरुप एक आर्थिक वर्षसम्म पनि रकम नझिकेका लाभग्राहीहरुको सम्बन्धमा आवश्यक छानबिन गरेको देखिएन । पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने एक आर्थिक वर्षसम्म पनि रकम नझिकेका लाभग्राहीको केही उदाहरणहरु निम्नानुसार छन ।

| Ward | Social assistance type | Member id | Bank Account | Name | Balance |
|---|---|---|---|---|---|
| ६ | Senior citizen's allowance -Others | २००६१०१६०२१५४ | ७४०१०००००११३०३३ | TEK BAHADUR BHATTARAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २०१०११०८००१४८ | ७४०१००००१३१२०३३ | JAS MAYA DAHAL | ७४६५४.४७ |
| ६ | Senior citizen's allowance -Others | २००७०९१७००१९८ | ७४०१००००१३०३०३३ | GOBINDA MAYA THAPA | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २०००१२०४००५४२ | ७४०१०००००५७०३३ | NARENDRA PRASAD RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २००४०९२००१५८५ | ७४०१००००११६००३३ | DHAN BAHADUR RAI | ८७५५८.६२ |
| ६ | Widow | २०४९१०२१००० ६७ | ७४०१००००१७७१०३३ | ANISHA RAI | ५०१७०.४२ |
| ६ | Senior citizen's allowance -Others | २००३०७२३००१८१ | ७४०१००००११३८०३३ | TANKA BAHADUR RAI | ६१९६२.७९ |
| ६ | Senior citizen's allowance -Others | २००११२०९००२९१ | ७४०१००००१२१८०३३ | MADAN BAHADUR RAI | ८७५५८.६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | Senior citizen's allowance -Others | २००३०३०२०३१५४ | ७४०१००००१३५९०३३ | MAYA RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९८१२१३००१८४ | ७४०१००००११३१०३३ | JAYSWORI RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९९१२३०५०३०६ | ७४०१०००००६४८०३३ | GYANSARI RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २००११०२९००४४२ | ७४०१००००१११००३३ | GOBINDA RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९०१२३०३७७८१ | ७४०१००००१२६३०३३ | SHREEMAYA RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९९१२३०५०३४८ | ७४०१००००१२५५०३३ | SIRMANI RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९४१२३०४१९१८ | ७४०१००००१२४१०३३ | RAYAMA RAI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २००४०७१२०११७२ | ७४०१००००१२३००३३ | MOHAN BHANDARI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | १९९५१२३०४४४४८ | ७४०१००००१२५२०३३ | BISHNU KUMARI BUDHATHOKI | ८७५५८.६२ |
| ६ | Senior citizen's allowance -Others | २००३१२०८०२४२८ | ७४०१०००००११२०३३ | HARKA SWARI RAI | ८७५५८.६२ |
| ३ | Senior citizen's allowance -Others | २००६१०१५०६०२५ | ७४०१०००००६२२०३३ | SUK MAYA RAI | ८७५९५.०१ |
| ३ | Senior citizen's | २०१००४०४०१९२६ | ७४०१०००००७४७०३३ | DURGA BAHADUR RAI | ५१८७८.४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | allowance -Others | | | | |
| ३ | Senior citizen's allowance -Others | २००५०११७०२११५ | ७४०१००००८४२०३३ | SOM BAHADUR RAI | ८७५९५.०१ |
| ३ | Senior citizen's allowance -Others | २००८०९१५०३७०७ | ७४०१०००००४३८०३३ | KAMALSARI RAI | ८३२६४.३ |
| ३ | Senior citizen's allowance -Others | २००९०३२२००३७९ | ७४०१०००००८७१०३३ | PHULMAYA CHHARA RAI | ७४६८४.०९ |
| ३ | Senior citizen's allowance -Others | २००००१०३०१०४२ | ७४०१०००००८१६०३३ | RUDRA BAHADUR RAI | ७४८५७.६५ |
| ३ | Senior citizen's allowance -Others | १९८४०३०४०००७५ | ७४०१०००००६८४०३३ | KRISHNA BAHADUR RAI | ८७५९६.९७ |
| ३ | Senior citizen's allowance -Others | १९९८०१०२००४४६ | ७४०१०००००७४३०३३ | DILSARI RAI | ८७५९६.९७ |
| ३ | Senior citizen's allowance -Others | २००६०१०८०२६७१ | ७४०१०००००७५७०३३ | NARMAYA RAI | ८७५९६.९७ |
| १ | Senior citizen's allowance -Others | १९९००४०५००७०५ | ७४०१०००००१५७०३३ | RAIMA RAI | ८७६५७.५१ |
| १ | Senior citizen's allowance -Others | १९९३०५१५००४८१ | ७४०१०००००२१००३३ | BISHNU MAYA KHADKA | ४९७७९.५९ |
| १ | Senior citizen's allowance -Others | १९९९०९१४००२४४ | ७४०१०००००१८६०३३ | HAL KUMAR RAI | ८७६५७.५१ |
| १ | Senior citizen's allowance -Others | २००६०४०५०७०८४ | ७४०१०००००१२१०३३ | BAL BAHADUR RAI | ८७६५७.५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Senior citizen’s allowance -Others | २००१०११५०२६२८ | ७४०१००००१३५०३३ | BHIMSARI RAI | ५५६८७.०५ |
| २ | Senior Citizen's Single women’s allowance | २०१६०१०९००० ४५ | ७४०१००००४३७०३३ | KAMAL MAYA RAI | ५८२६९.२३ |
| ४ | Senior citizen’s allowance -Others | २००५१२०२०१४५१ | ७४०१००००१४६६०३३ | GYAN BAHADUR RAI | ८७४६१.१२ |
| ७ | Senior citizen’s allowance -Others | २००५०२१२००६२८ | ७४०१००००१५४८०३३ | BISHNU MAYA MAGAR | ८७५३५.६ |

पालिकाले उक्त लाभग्राहीहरु मृत्यु भएका, बसाईसराई तथा अन्य के कति कारणले एक आर्थिक वर्षसम्म पनि रकम नझिकेका हुन सोको छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न अयोग्य रहेको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मितिपछि भन्दाको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९.२ **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राखु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।

सैद्धान्तिक बेरुजु

२९.३ **अनुगमन तथा सुपरिवेक्षणः-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति नै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२९.४ सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

३० **ठेक्का व्यवस्था-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४७.०१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | माम्फिङ्ग सुकेआहाल माङ्तिन सडक निर्माण | न्यू राई निर्माण सेवा धनकुटा | १६७१७४६७ | ८८५८२५४ | ४७.०१ |
| २ | लाण्डफिल साईट निर्माण | पञ्चलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि धनकुटा | १०१०७३६९ | ६९१५८७७ | ३१.५८ |
| ३ | थलथले चाम्चा सडक निर्माण | दिल निर्माण सेवा भोजपुर | १५८३६६९० | ९३६०८९४ | ४०.८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पार्किङ् ट्रस निर्माण | पूजा निर्माण सेवा सुनसरी | २९३९०२४ | २५७७५०० | १२.३० |

सैद्धान्तिक बेरुजु

३१ **जग्गाको स्वामित्व -** पालिकाले सार्वजनिक भवन निर्माणका लागि बजेट बिनियोजन एवं खर्च भएकोमा सो जग्गाको स्वामित्व सम्बन्धित संस्थामै रहेको जग्गाधनी प्रमाण पुर्जा पेश गरेको पाइएन। यसबाट संरचना निर्माण भएको जग्गाको स्वामित्व संस्थामा रहेको यकीन गर्ने आधार छैन। पालिकाले गरेका अन्य सार्वजनिक निर्माणमा समेत जग्गाको स्वामित्व सुनिश्चित गरेरर मात्रै निर्माण कार्य गर्नुपर्ने देखिन्छ। जग्गाको स्वामित्व सुनिश्चिच नगरेका यसका केहि उदाहरणहरु देहाय बमोजिम छन्।

| भौ नं./मिति | विवरण | लागत अनुमान रु | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ६७।२०८०।३।२४ | ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापन | ८९००३२६।०० | ६६२३२५४।०० | निर्माणाधीन |
| १९।२०७९।५।२२ | हेमाङ्चाला बहुउद्येशीय सामुदायीक भवन | १०९४३५६।०० | ८३४८०९।०० | निर्माणधीन अवस्थामा |
| ३२।२०७९।५।२३ | हिमायती कृषक भवन उ. स. भवन निर्माण | ३५३८३९।०० | ३५२९०२।०० | सम्पन्न भएको |
| ३८।२०७९।५।२३ | सहिदभुमि बहुउद्येशीय कृषि भवन | ४४२०७६।०० | ४८६३५६।०० | सम्पन्न भएको |
| ७४।२०७९।८।०१ | संबिधान सभा मतदमन स्थल भवन | | | |
| २७६।२०८०।३।२४ | श्री सदगुरु कबीर धर्मदाश साहेब बैशाबली सत्संग समिति | ३०००००।०० | २७८४१६।०० | नखुलेको |
| २७२।२०८०।३।२४ | चाम्चा बहुउदेशीय सामुदायीक भवन | ५५०३२०।०० | ४६२३०७।०० | नखुलेको |

| | | | | |
|---|---|---|---|---|
| २८८।२०८०।३।२४ | वाचकर्ने सानो चिम्राहा कृषि भवन | ५३३५२८।९९ | ३५३०७२।०० | नखुलेको |

सैद्धान्तिक बेरुजु

३२ **सडक इन्भेन्ट्रि** - स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ९७ को उपदफा ४ मा सम्पत्तिहरुको व्यवस्थित अभिलेख राखुपर्ने व्यवस्था छ ।पालिकाले गत बिगतमा निर्माण सम्पन्न गरेका, निर्माणाधीन, अधुरा र यस बर्ष सम्पन्न गरेका सडक एबं भौतिक पूर्वाधारको अभिलेख राखेको पाईएन। अभिलेखको अभावमा कतिपय सडकहरुको नाम दोहोरो परेको हुँदा उक्त सडक खण्डमा गतबिगतमा के कति काम भएको थियो, यसबर्ष कुन चेनेजमा काम भई भुक्तानी भएको हो यकीन गर्ने आधार छैन। सडकको अभिलेख नराख्दा एउटै सडकमा दोहोरो काम भई भुक्तानी समेत हुनसक्ने जोखिम हुने भएकोले आफ्नो क्षेत्रभित्र पर्ने सडक, पुल एबं सहायक सडकहरु कुल लम्वाई, चेनेज, उक्त सडकखण्मा गत बिगतमा भएको काम, सडक संरचनाहरु सहितको बिस्तृत विवरण सहितको लगत अद्यावधिक गर्नु पर्दछ। सडकको बिस्तृत अभिलेख राख्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ। नाम दोहोरिएका सडकहरुका केही उदाहरणहरु देहाय बमोजिम छन्।

| ठे.नं. | सडक को नाम | लागत अनुमान रु. | संमझौता अंङ्क रु. | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने |
|---|---|---|---|---|---|
| २।७९।८० | थलथले चाम्चा सडक | १४०२३१६७।६४ | ९३६०८९३।९६ | २०८०।१।२४ | २०८०।३।२२ |
| १।७८।७९ | थलथले चाम्चा सडक | १३८१४६९१।४७ | ९४४८७९५।०० | २०७८।८।०६ | २०७९।२।३० |
| ४।७८।७९ | थलथले चाम्चा सडक | ४३६५६८७।६६ | ४२२१८९८।०० | २०७८।१०।२५ | २०७९।२।३० |

सैद्धान्तिक बेरुजु

३३ **निर्माण कार्यको अवधी गणना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (१) मा सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान गर्दा सम्झौता बमोजिमको काम सम्पन्न गर्नका लागि लाग्ने अधिकतम रकम र समय समेतको बिचार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध समय, मौषम अनुकुलता, निर्माण सामाग्रीको उपलव्धता, निर्माण व्यवसायीको क्षमता, खर्च व्यहोर्ने श्रोतको सुनिश्चतता लगायतका

बिषयमा ध्यान दिएको पाइएन। यसबाट निर्माण कार्यको गुणस्तर सुनिश्चित नहुने, पटक पटक अवधी थप गर्नुपर्ने र निर्माण कार्य अधुरो रहने जोखिम रहन्छ। यसका केही उदाहरणहरु देहाय बमोजिम छन्। पालिकाले खरिद सम्झौताको लागत अनुमान तयार गर्दा एवं ठेक्का सम्झौता गर्दा नियमावलीको व्यवस्थालाई ध्यान दिएको पाइएन।

| खर्च शीर्षक | आयोजनको नाम | लागत अनुमान | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| बिशेष अनुदान | ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापन | ८९००३२६।० | २०८०।२।३१ | २०८०।३।३० | १ महिना अवधी |
| प्रदेश समपुरक | थलथले चाम्चा सडक | १४०२३१६७।० | २०८०।१।२४ | २०८०।३।२४ | २ महिना अवधी राखी बर्षातको समयमा ठेक्का |

सैद्धान्तिक बेरुजु

३४ **कन्टिन्जेन्सी खर्च अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन। नियमावलीको व्यवस्था बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।

| भौचर नं/मिति | आयोजनाको नाम | खर्च भएको कार्य | रकम रु |
|---|---|---|---|
| ८।७९।५।२८ | सुरक्षित नागरिक आवस | दैनिक भ्रमण भत्ता | २९६०० |
| १२।७।२३ | माक्पिङ्ग सुकेआहाल सडक | भत्ता तथा अनुगमन | ११४००० |
| | ल्याण्डफिल्ड साइट निर्माण | ल्यापटप, पिन्टर्स खरिद | १८३००० |
| २१।७९।११।१९ | खोकु सिचाई आयोजना | मोवाइल खरिद | ७०००० |

| | | | |
|---|---|---|---|
| २४।२०७९।१२।६ | सुरक्षित नागरिक आवास कार्यक्रम | अफिस दराज तथा भ्रमण भत्ता | १०१११० |
| ६२।२०८०।३।२२ | सुरक्षित नागरिक आवास कार्यक्रम | भ्रमण खर्च तथा मोटरसाइकल मर्मत | ३१६०० |
| ६१।२०७९।७।२ | | दैनिक भ्रमण भत्ता | १५०००।०० |
| ५३।२०७९।६।६ | | दैनिक भ्रमण भत्ता | ६१९००।०० |
| ६६।२०७९।७।२१ | | दैनिक भ्रमण भत्ता | ५५८५२।०० |
| ७६।२०७९।८।१ | | दैनिक भ्रमण भत्ता | ५६६२४।०० |
| ११८।२०७९।१२।२७ | | ल्यापटप खरिद | ९९०००।०० |
| | | दैनिक भ्रमण भत्ता | ३१०११।०० |
| १४२।२०८०।२।९ | | दैनिक भ्रमण भत्ता | ३७५७०।०० |
| १५३।२०८०।२।१९ | | बैठक भत्ता र मोटरसाइकल मर्मत | ९०११७।०० |

सैद्धान्तिक बेरुजु

३५ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| **क्र.स** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **संझौता मिति** | **यो वर्ष सम्मको खर्च** | **भौतिक प्रगति %** |
|---|---|---|---|---|---|
| १ | पन्चकन्य सेतिचोक सफाईधाप (दोस्रो फेज) | इरिना निर्माण सेवा | २०७८/११/२७ | १६०६२८४.३४ | २५ |

सैद्धान्तिक बेरुजु

३६ **निर्माण कार्यको बीमा**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेटनका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। निम्नानुसारका निर्माण कार्यको निर्माण व्यवसायीले बिमा गरी कागजात पेश गरेको देखिएन। यसबाट भविष्यमा हुने जोखिम बहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बीमा गराएर मात्रै कार्य प्रारम्भ गर्ने गराउने तर्फ जिम्मेवार अधिकारीको ध्यान जानु पर्दछ।

| ठे नं | निर्माण व्यवसायी | कामको विवरण | सम्झौता अंक | बीमा |
|---|---|---|---|---|
| ७।७८।७९ | एरिना निर्माण सेवा | पन्चकन्या सेतीचोक सफाइधाप स्तरोन्नती फेज २ | ६३३३३१७।० | नगरेको |
| ३।७८।७९ | साह निर्माण सेवा | पन्चकन्या सेतीचोक सफाइधाप स्तरोन्नती फेज | ११६७६७८३।२८ | २०२३।१।१६ सम्म |
| २।७८।७९ | Sas Sara shristi jv | चाम्चा साप्टनगर सडक स्तरोन्नती | १४०३७५६४।४८ | नगरेको |
| ०९-patal/०७७/७८ | छिन्ताङ्गदेबी निर्माण सेवा | पन्चकन्या पातालडाँडा सडक निर्माण | ६५०७४७६।४९ | नगरेको |

सैद्धान्तिक बेरुजु

३७ **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|

| | | |
|---|---|---|
| कार्किटोल न्युरोड सडक | बेरीटेक इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि. | ४९६०७० |
| ल्यान्ड फिल साइट | होमप्लान्स इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि. | २४७९४४ |
| जग्गा बर्गीकरण | द सेफ ब्युल्ट डिजाइन कन्सल्ट | ९८०५५७ |
| संविधान सभा चौतारो सडक निर्माण | एस डिसि इन्जिनियरिङ्ग सर्भिस | ४९२९०६ |
| जम्माः | | २२१७४७७ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । परामर्शदाताले डिपिआर तयार गर्ने क्रममा साइटमा परिचालन भएको, सरोकारवालासँग छलफल एबं अन्तरकृया गरेको, टम्स अफ रेफरेन्समा समाबेश भएका बिधि एबं पद्धतिको पालन गरी डिपिआर तयार गेरको, इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट अलग अलग पेश गरि सो प्रतिबेदन उपर पालिकाका पदाधिकारी र अन्य सरोकारवालासँग छलफल गरेको माइन्यूट र दिएका सुझावका साथै प्रतिबेदन तयार गर्दा अपनाउनुपर्ने बिधि, पद्धति एबं प्रकृयागत कृयाकलापहरुको अभिलेख राखेको पाइएन। पालिकाले लागत अनुमान बनाउदा अपेक्षा गरिएको शैक्षिक योग्यता एबं अनुभव भएको बिज्ञकै संलग्नता खुल्ने प्रमाण एबं आधारको अभावमा तोकिएकै जनशक्तिको संलग्नतामा टम्स अफ रेफरेन्समा समाबेश बिधि, पद्धति एबं प्रकृया पुरा गरि समयमै अन्तिम प्रतिबेदन तयार गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन। टम्स अफ रेफरेन्समा उल्लेखित बिधि, पद्धति एबं प्रकृयाको पालना गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **जडानको प्रमाण-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ बमोजिमको परीक्षण प्रमाण पेश हुनुपर्दछ । तीनधारे झण्डिगाडे लिफ्टिङ्ग खानेपानी लिफ्टिङ्गले गाउँपालिकासँग २०८०।३।२६ मा बुझिलिएका तपशिलका मालसामान सम्बन्धित उपभोक्ता समितिको जिन्सीमा दाखिला गरि जडान भएको नापजाँच गरेको प्राबिधिक प्रतिबिदन पेश भएको पाइएन। अतः उक्त कार्यको अनुगमन गरी सम्बन्धित सिमितको जिन्सी खतामा आम्दानी बाँधि जडान भएको पुष्टयाइ हुने प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.

| भौ नं./मिति | विवरण | परिमाण | रकम रु. |
|---|---|---|---|
| २५४।२०८०३।२३ | ३ HP वाटर पम्प | ३ वटा | ४९१६१०।०० |

| | | | |
|---|---|---|---|
| | ३२ mm पाइप PN-१६ | ९०० मीटर | |
| | GI युनिट | १० वटा | |
| | GI सकेट | ४ वटा | |
| | GI निप्पल | ४ वटा | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९१,६१० |

३९ **बजेटमा नभएका आयोजनामा खर्च** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ (७) मा पालिकाले सभाबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नहुने व्यवस्था छ। पालिकाले यस आर्थिक बर्षमा प्राप्त निबेदन र तोक आदेशका आधारमा समेत खर्च गरेको पाइयो। यसबाट बजेटरी नियन्त्रण नहुने र आयोजना कार्यन्वयनको पर्याप्त तयारी नहुँदा खर्चको गुणस्तरीयता समेत कायम नहुन सक्ने जोखिम रहन्छ। ऐनको व्यवस्था बमोजिम खर्च गरि वित्तिय अनुशासन प्रबर्धन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ। यसका उदाहरणहरु देहाय अनुसार छन्।

| भौ.नं./ मिति | विवरण | आबेदन दिएको मिति | तोक आदेश | | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | | | मिति | रकम | |
| १२१।२०८०।१।७ | ज्यामिरे पुङठुङ ग्रामिण सडक उ.स | २०७९।४।३० | २०७९।५।५ | ३००००० | २८८०० ० |
| १३३।२०८०।२।३ | खानेपानी टयांकी निर्माण | २०७९।११।२५ | २०७९।११।२९ | २००००० | १८८०३० |
| १५०।२०८०।२।२४ | सिद्धदेबी मा.बि. | २०७९।१०।१३ | २०७९।१०।१३ | ३००००० | ३००००० |
| २१४।२०८०।३।१८ | तेलीटोल खा पा | २०७९।९।७ | २०७९।१२।३ | २५०००० | २३२१४८ |
| २१५।२०८०।३।१८ | बाहुन गाँउ ककागुनेडाँडा सडक उ.स. | २०७९।१०।२७ | २०७९।१०।२७ | ५००००० | ४६४४६ |

सैद्धान्तिक बेरुजु

४० **खरिद सम्झौताको अवधी थप-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्थामा सम्झौता बमोजिको काम त्यस्तो सम्झौताको अवधीभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यावसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काइस दिन अगावै तथा कार्य तालीका सिहत आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निबेदन दिनु पर्ने व्यवस्था छ। पालिकाले देहायका निर्माण कार्यको म्याद थप गरेकोमा निर्माण व्यावसायीले पर्याप्त कारण सहित २१ दिन अगावै निबेदन पेश गरेको पाईएन।पर्याप्त पुष्टयाँई बेगर बर्षात, चाडवाड जस्ता पूर्वानुमान गर्न सकिने परिस्थितिलाई म्यादथपको कारण खुलाएको छ।ठेक्का अवधी कायम गर्दा बर्षातको समय, चाडवाड, निर्माण सामाग्रीको उपलव्धता, वजेट सुनिश्चितता, भौगोलिक सुगमता, निर्माणकार्यको जटिलता एबं बिगतको अनुभवलाई समेत आधार लिनु पर्दछ।तोकिएको अवधीमा उचित कारण बेगर काम सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई नियमानुसार हर्जना लगाई कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान जानु पर्दछ। विवरण अनुसुचीमा रहेको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा कुनै पनि सार्वजनिक कार्यको विवरण तयार पारी दफा ५ बमोजिमको लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मेसिनरी तथा अधिकाशं पूजिगत सामाग्री लागत अनुमान तयार नगरी खुला कोटेशसनबाट खरिद गरेको पाइयो । यसरी लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन तयार नगरी खरिद गर्दा आवश्यक र गुणस्तरीय सामाग्री सारभुत मूल्यमा प्राप्त भए नभएको यकिन हुन सकिएन । तसर्थ ऐन तथा नियमावलीको व्यवस्था बमोजिम लागत अनुमान र प्राविधिक स्पेसिफिकेशन तयार पारेर मात्र खरिद गर्नुपर्दछ।

| भौचर नं/मिति | विक्रेताको नाम | सामाग्रीको नाम | जम्मा मूल्य |
|---|---|---|---|
| १२।७९।७।२३ | पाथिभरा प्रिन्टर्स | डेल ल्यापटप खरिद १ थान<br>Espam Printers १ थान | १८३००० |
| ५२।३।५ | प्रिमियर ट्रेड एण्ड सप्लायर्स | विभिन्न सोलार र व्याट्रि | ७९९८२१।०० |

| | | | |
|---|---|---|---|
| ७४।७९।१२।२२ | ओम साइ सप्लायर्स | ल्यापटप १ थान, प्रोजेक्टर १ थान | १४९१६० |
| ५२।२०७९।६।६ | पबित्रम इन्फोसिस | डेस्कटप कम्प्युटर | ९९५००।०० |
| | पबित्रम इन्फोसिस | डेल ल्यापटप | ९९५००।०० |
| ६७।२०७९।७।२३ | इन्टेल कम्प्युटर | डेल ल्यापटप | ९९९००।०० |
| ७९।२०७९।११।११ | ओमसाइ सप्लायर्स | ल्यापटप | ६९९४७।०० |
| १३७।२०८०।२।७ | ओमसाइ सप्लायर्स | डेस्कटप कम्प्युटर | १३७८६०।०० |
| | ओमसाइ सप्लायर्स | क्यानन प्रिन्टर | ६१०२०।०० |
| १५७।२०८०।२।३० | इन्टेल कम्प्युटर | कम्प्युटर | ५९८०००।०० |

सैद्धान्तिक बेरुजु

४२ **माम्फिङ्ग सुकेआहाल भाङतिन सडक निर्माण-** पालिकाले संघिय समपुरक कार्यक्रम अन्तर्गत माम्फिङ्ग सुकेआहाल भाङतिन सडककोकुल लागत अनुमान रु.१६७१७४६६ (मु.अ.कर र PS समेत) स्वीकृत गरी बोलपत्र प्रकाशन गरेकोमा न्यु राई निर्माण सेवासँग रु.८८५८२५४।०३ मा सम्झौता गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

४२.१ **निर्माण कार्यतालिका:** निर्माण व्यवसायि सँग भएको सम्झौताका शर्तहरु नियमानुसार पालना गर्नुपर्दछ । पालिकाले माम्फिङ्ग सुकेआहाल भाङतिन सडक निर्माणका लागि निर्माण व्यवसायि न्यू राई निर्माण सेवासँग रु.१६७१७४६६ (मु.अ.कर र PS समेत) भुक्तानी गर्नेगरी भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्ट को जिसिसि ३४.३ मा The period between program update is ३० days उल्लेख छ र कार्यतालिका अपडेट गर्न ढिलाई गरेमा रु.१०००००.०० रोक्का राखुपर्ने उल्लेख भएको छ । निर्माण व्यवसायिले प्रत्येक ३० दिनमा कार्यतालिका पेश गर्ने गरेको नदेखिएकाले सम्झौताका शर्त र प्रचलित कानून वमोजिम रोक्का राखुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२.२ **गुणस्तर आश्वस्तता**: निर्माण व्यवसायीसंग भएको सम्झौताको General Condition of Contract मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परिक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । यस सडक निर्माण कार्यमा निर्माण व्यवसायीवाट Quality Assurance Plan (QAP) पेश नभएकोले आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण भएको

सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन । अतः सडक संरचना निर्माण तथा स्तरोन्नति कार्यमा प्रयोग गरिने कंक्रिट, ग्याबियन, सव-वेस तथा बेस-कोर्स लगायतमा अपेक्षित गुणस्तर कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२.३ **निर्माण कार्यको म्याद थपः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । पालिकाले माम्फिङ्ग सुकेआहाल भाङतिन सडक स्तरउन्नतिको लागि २०७९ ।६।२५ मा सम्झौता गरी २०७९।१२।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी निर्माण व्यवसायी न्यू राई निर्माण सेवासँग रु. रु.८८५८२५४।०३ मा सम्झौता भएको देखिन्छ। उक्त निर्माण कार्य सम्झौता अनुसारको समयसम्ममा कुनै पनि रनिङ्ग विल पेश नभई निर्माण व्यवसायिले विविध कारण तथा आर्थिक समस्याको कारणले म्याद थप गरिपाउ भनि निवेदन दिएको देखिन्छ । पालिकाले सोहि आधारमा निर्माण कार्यको म्याद थप २०८० असार २४ सम्म थप गरेकोमा प्रथम रनिङ्ग विल वापत मु.अ.कर सहित जम्मा रु.४४०६४७०।०० भुक्तानी भएकोमा पुन वर्षातको कारण देखाई म्याद थपको लागि २०८०।३।२८ मा निवेदन दिएकोमा पालिकाले २०८० मंसिर मसान्त सम्म म्याद थप गरेको छ । पालिका सम्झौता अवधिको पटक पटक गरी २०० प्रतिशत म्याद थप गरेको पाइयो । वाकी काम थप अवधिभित्र सम्पन्न गर्नतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२.४ **प्राबिधिक पुष्टयाइ बेगर बढी काम**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ नियम २ मा बढी परिमाणको काम गराउदा प्राबिधिक पुष्टयाइ र कारण उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी न्यू राई निर्माण सेवालाई भौ नं ६८।८०।३।२४ बाट प्रथम रनिङ्ग विल भुक्तानी दिँदा आइटम नं ८ को Stone Masonery wall (१:४) लागत अनुमानमा Retaining wall का लागि १९८।१० घ.मि. र नालीको लागि ४२ घ.मि. गरी कुल २४०.१० घ.मि हुने परिमाण कायम गरेकोमा प्रथम विलमा retaining Wall को मात्र काम भएकोमा निर्धारित परिमाण भन्दा १६.५२ घ.मि बढी हुने गरी २१४.६२ घ.मि भुक्तानी गरेकोले सोको दर रु. ४५०० ले रु.७४३०० तथा आइटम नं ११ को ग्याविन लगाउने कार्यमा BOQ को परिमाण ५७५ घ.मि भएकोमा ५९२ घ.मिको भुक्तानी भएकोले प्रति इकाई दर रु.२६०० ले हुने रकम रु.४४२०० गरी जम्मा रकम रु.११८३०० को बिल अफ क्वान्टिटीमा भएको परिमाण भन्दा बढी कामको नापजाँच गरी स्वीकृत दरले भुक्तानी दिएकोमा बढी कामको प्राबिधक पुष्टयाइ पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,५०० |

४२.५ **निर्माण कार्यको नापजाँच र भुक्तानीः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा निर्माण कार्यको विस्तृत विवरण तथा दफा ५ मा विस्तृत ड्रइङ्ग डिजाइन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले माम्फिङ्ग

सुकेआहाल भाङतिन सडक स्तरउन्नतिको लागि २०७९ ।६।२५ मा सम्झौता गरी २०७९।१२।३० सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी निर्माण व्यवसायी न्यू राई निर्माण सेवासँग रु. रु.८८५८२५४।०३ मा सम्झौता गरेकोमा २०८० असार सम्ममा पहिलो रनिङ्ग विल वापत रु.४४०६४७० भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा BoQ का आइटम हरुमा माटो काट्ने, ग्याविन लगाउने तथा सव वेश लगाउने कार्य भएकोमा क्रस Section नक्सा नभएको तथा विभिन्न कार्यको लागत अनुमान र नापी किताबको चेनएजमा भिन्नता आएको देखियो । यसबाट निर्माण कार्य तोकिएको स्थानमा भए नभएको तथा चेनएजहरुमा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ पालिकाले निर्माण कार्यको विस्तृत डिजाइन तथा नक्सा तयार गरी चेनएजमा दोहोरो पना नहुने गरी निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४२.६ **समपुरक अनुपातः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण अनुदान वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो बर्ष संघिय समपुरक अनुदानबाट आयोजना कार्यान्वयन गरेकोमा भुक्तानी जम्मा रु.४४०६४७०।०० भुक्तानी गरेकोमा उल्लेखित खर्चको ५० प्रतिशतले हुने रु.२२०३२२५ गाउँपालिकाको स्रोतवाट खर्च गरी ५० प्रतिशतले हुने रकममात्र समपुरक अनुदानवाट खर्च गर्नुपर्नेमा सम्पूर्ण रकम नै संघिय अनुदानबाट खर्च गरेको पाइयो । यसरी गाउँपालिकाको स्रोतवाट व्यहोर्नुपर्ने रकम समेत समपुरक अनुदानवाट खर्च गरेकोले गाउँपालिका स्रोतवाट खर्च लेखि संघिय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु

| असुल गर्नुपर्ने | २२,०३,२२५ |
|---|---|

## ४३ पन्चकन्या सेतिचोक सफाइधाप सडक स्तरोन्नति (ठे.नं.३।०७८।७९):

**पन्चकन्या सेतिचोक सफाइधाप सडक स्तरोन्नति (ठे.नं.३।०७८।७९)**: पन्चकन्या सेतिचोक सफाइधाप सडक स्तरोन्नतिका लागि निर्माण व्यावसायी शाह निर्माण सेवाबिच २०७९।२।३१ मा सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।९।१९ मा मु.अ.कर सहित रु.१,१६,७६,७८३।२८ को सम्झौता भएको पाइयो।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

**हर्जाना लगाइ काम सम्पन्न गर्नुपर्नेः** निर्माण व्यावसायीले २०७९।२।७ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।२।३० मा निर्णय गरि २०७९।३।२५ सम्म, निर्माण व्यावसायीले २०७९।३।४ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।३।२४ मा निर्णय गरि २०७९।८।३० सम्म, निर्माण व्यावसायीले २०७९।८।९ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।१२।१० को निर्णयले २०८०।३।१९ सम्म म्याद थप गरेको पाइयो। उक्त निर्माण व्यावसायीले म्याद थपका लागि पुनः २०८०।०२।२८ मा निबेदन दिएकोमा पालिकाले म्याद थप गरेको पाइएन।उक्त निर्माण व्यावसायीलाई भौ नं. १७।२०७९।५।२१ बाट तेश्रो रनिङ्ग बिलको रु.७,२५,९०१।०० सहित जम्मा रु.८६,७५,४८१।०२ भुक्तानी दिएको दिएको पाइयो। पालिकाले उक्त कार्यको भौतिक प्रगति तयार गरेको पाइएन। शुरु अवधीको शतप्रतिशत म्याद थप भइ सकेको अवस्थामा समेत सम्झौता अंकको २६ प्रतिशत काम पुरा हुन नसकेको र निर्माण व्यावसायी साइटमा परिचालन नभएको पालिकाले जनाएको

छ। शुरु अवधीको शत प्रतिशत म्याद थप गर्दा समेत काम सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई सार्वजनिक खरिद नियमावली र सम्झौता शर्त बमोजिम हर्जना लगाइ काम सम्पन्न गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **पन्चकन्या पातलडाँडा सडक-** पन्चकन्या पातालडाँडा सडक निर्माण (ठे.नं. ०९-patal/०७७/७८) का लागि छिन्ताङ्गदेबी निर्माण सेवासँग २०७८।९।३० मा सम्पूर्ण निर्माण सम्पन्न गर्ने गरी २०७८।१।९ मा मु.अ.कर सहित रु.६५,०७,४७६।४९को खरिद संझौता भएको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

४४.१ **काम सम्पन्नः** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च. नं. २४७ मिति २०७७।१२।३ गतेको शर्त तोकिएको पत्रको क्र.सं. ८ मा एक बर्षे आयोजनाहरुको हकमा २०७८ फाल्गुण मसान्त सम्म सबै काम सम्पन्न गरि सक्नुपर्ने व्यवस्था भएकोमा पन्चकन्या पातालडाँडा सडक निर्माण कार्य हाल सम्म पनि सम्पन्न भएको पाइएन।

सैद्धान्तिक बेरुजु

४४.२ **निर्माणमा ढिलाइ एबं हर्जनाः** पालिकाले पन्चकन्या पातालडाँडा सडक निर्माण लागि निर्माण व्यावसायी छिन्ताङ्गदेबी निर्माण सेवासँग २०७८।९।३० मा सम्पूर्ण निर्माण सम्पन्न गर्ने गरी २०७८।१।९ मा मु .अ .कर सहित रु.६५,०७,४७६।४९ को खरिद संझौता पाइयो। प्राबिधिक पुष्ट्याइ र बस्तुगत आधार बेगर बिबिध कारणले शुरु अवधीमा काम सम्पन्न हुन नसकेको जनाई निर्माण व्यावसायीले २०७८।९।९ मा निबेदन दिएकोमा पालिकाले २०७८।११।३० सम्म म्याद थप गरेको पाइयो। निर्माण व्यावसायीले २०७८।११।१५ मा म्याद थपका लागि पुनः निबेदन दिएकोमा पालिकाले २०७९।३।२८ सम्म म्याद थप गरेको पाइयो। निर्माण व्यावसायीले २०७९।३।६ मा म्याद थपका लागि निबेदन दिएकोमा पालिकाले २०७९।८।३० सम्म म्याद थप गरेको, २०७९।८।७ मा म्याद थपका लागि निबेदन दिएकोमा पालिकाले ११९ दिनको रु. ३,३७,१२३।०० हर्जना लिने गरी २०७९।१२।३० सम्म म्याद थप गरेको पाइयो। यस बर्ष उक्त सडकमा भएको कामको नापजाँच गरेको लुजसिट र दोश्रो रनिङ्ग बिलमा नापजाँच गरेको मिति समेत उल्लेख गरेको पाइएन। निर्माण व्यावसायीलाई म्याद थप नगरी भौ.नं. ४१।२०८०।२।१५ बाट दोश्रो रनिङ्ग बिलको रु.३५,१७,६००।०० भुक्तानी दिएको पाइयो। उक्त कार्यको करिब ८० प्रतिशत बित्तिय प्रगति भएको पाइएको र पालिकाले भौतिक प्रगति तयार गरेको पाइएन। बाँकी काम तोकिएको समयमा सम्पन्न गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४४.३ **संसोधित कार्ययोजना**: खरिद सम्झौताको बिशेष शर्त (SCC) को GCC ३४.३ मा निर्माण व्यावसायीले संसोधित कार्यतालिका पेश गर्नुपर्ने र नगरेको अवस्थमा रु.१०००००।०० रोक्का राख्नुपर्ने व्यवस्था छ। पन्चकन्या पातालडाँडा सडक निर्माणको निर्माण व्यावसायी छिन्ताङ्गदेबी निर्माण सेवाले पटक पटक

अवधी थप गरेकोमा स्पष्ट कार्य सम्पादन सुचक सहितको संसोधित कार्यतालीका पेश गरेको पाइएन। अतः सम्झौता अनुसार आगामी भुक्तानी गर्दा सो रकम रोक्का राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.४ **गुणस्तर परिक्षणः** गुणस्तर परिक्षण गरेको प्रयोगशालाको बिल बमोजिमको भुक्तानी दिनुपर्नेमा निर्मण व्यवसायीले जारी गरेको बिजकमै समाबेश गरी रु.२००००।०० भुक्तानी दिएको पाइयो। निर्माण व्यावसायीलाई भौ.नं. ४१।२०८०।२।१५ बाट दोश्रो रनिङ्ग बिलको रु.३५,१७,६००।०० भुक्तानी दिँदा निर्माण सामाग्रीको गुणस्तर परिक्षण गरेको ल्याव रिपोर्ट र सम्बन्धित प्रयोगशालाले जारी गरेको कर बिजक पेश गरेको पाइएन। प्रयोगशाला परिक्षण वापतको रकम रु. २००००।०० निर्माण व्यावयासीले आफ्नै कर बिजकमा समाबेश गरी भुक्तानी लिएको पाइयो। अतः खर्च पुष्ट्याइ हुने बिल बेगर दिएको भुक्तानी सम्बन्धितबाट मु.अ.कर सहित असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,६०० |

४४.५ **कामको नापजाँच**: पन्चकन्या पातालडाँडा सडक निर्माणको निर्माण व्यावसायी छिन्ताङ्गदेबी निर्माण सेवालाई दोश्रो रनिङ बिलको भुक्तानी दिदा पहिलो रनिङ्ग बिलसम्म कुल रु. १९०१२२५।०० को काम भएको देखाएकोमा दोश्रो रिनङ्ग बिलमा बिलमा आइटमवाइज कामको परिमाण उल्लेख गरेको पाइएन। यसबाट पहिलो रनिङ्ग बिलमा कुन आइटमको कति परिमाण काम भएको हो यकीन हुन सकिएन। अतः सोकाम भएको भएको प्रमाणित नापि किताब पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,०१,२२५ |

४५ **ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापन-** पालिकाले ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापनका लागि ठे नं ०४।२०७९।८० को रु ८९००३२६।९४ को लागत अनुमान तयार गरेको पाइयो। उक्त कार्यका लागि निर्माण व्यावसायी पन्चलक्ष्मी कन्ट्रक्सन एण्ड सप्लायर्ससँग २०८०।३।३० मा सम्पन्न गर्ने गरी २०८०।२।३१ मा रु ६९१५८७७।०६ को खरिद सम्झौता भएको पाइयो। सो सम्न्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

४५.१ **बातावरणीय अध्ययनः** वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ को अनुसुची १ र ३ को (झ) अनुसार संक्षिप्त वातावरणीय अध्ययन र अनुसुची ३ (झ) अनुसार घर तथा आवास क्षेत्रबाट वार्षिक ५००० टन फोहोरमैला निस्कने र जमिनमा भर्ने फोहोरमैला व्यवस्थापन केन्द्र स्थापनाका लागि संक्षिप्त वातावरणीय अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिकाले फोहोरमैला व्यवस्थापन एबं ल्याण्डफिल साईट निर्माणका लागि रु.६९,१५,८७७।०० को ठेक्का व्यवस्थापन गरि निर्माण कार्य गरेकोमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन तयार गरेको पाइएन। नियमावलीको व्यवस्था अनुसर वातावरणीय अध्ययन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५.२ बीमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु बीस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्यको बीमा गराउनुपर्ने र यसरी बीमा गराउदा निर्माण सामाग्री, प्रयोग गरिने मेसिन तथा उपकरण र निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेत समाबेश गरी सम्पूर्ण जोखिम बहन हुनुपर्ने व्यवस्था छ। ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापन कार्यका लागि निर्माण व्यावसायी पन्चलक्ष्मी कन्ट्रक्सन एण्ड सप्लायर्सले संम्झौता अंक रु ६९,१५,८७७।०० को मात्रै बीमा गरेको पाइयो। नियमावलीको व्यवस्था बमोजिम समपूर्ण जोखिम समाबेश भएको बीमा गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

४६ **थलथले चाम्चा सडकस्तरोन्नति (ठे.नं.१।२०७८।७९ ) -** थलथले चाम्चा सडक कालोपत्रे गर्ने कार्यका लागि निर्माण व्यावसायी ए.एस कन्ट्रक्सनसँग २०७९।२।३० मा सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।८।०६ मा मु.अ.कर सहित रु.९४,४८,७९४।९५ को सम्झौता भएको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

**निर्माण कार्यमा ढिलाई र हर्जाना**: उक्त निर्माण कार्य तोकीएको समयमा सम्पन्न भएको पाइएन। निर्माण व्यावसायीले २०७९।२।२१ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।२।३० मा निर्णय गरि २०७९।३।२५ सम्म, निर्माण व्यावसायीले २०७९।३।४ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।३।२४ मा निर्णय गरि २०७९।१०।३० सम्म, निर्माण व्यावसायीले २०७९।८।७ मा निबेदन पेश गरेकोमा पालिकाको २०७९।१२।१३ को निर्णयले २०८०।३।१९ सम्म म्याद थप गरेको पाइयो। ।उक्तनिर्माण व्यावसायीलाई दोश्रो रनिङ्ग बिलको रु.२१,१८,९९६।००नापजाँच गरी भौ. नं. ४५।२०७९।५।२९ बाट रु. १८९६६२७।०० भुक्तानी दिएको पाइयो। पालिकाले उक्त कार्यको भौतिक प्रगति तयार गरेको पाइएन। शुरु अवधीको शतप्रतिशत म्याद थप भइ सकेको अवस्थामा समेत सम्झौता अंकको ६६ प्रतिशत काम पुरा हुन नसकेको र निर्माण व्यावसायी साइटमा परिचालन नभएको पालिकाले जनाएको छ। शुरु अवधीको शत प्रतिशत म्याद थप गर्दा समेत काम सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई सार्वजनिक खरिद नियमावली र सम्झौता शर्त बमोजिम हर्जना लगाइ काम सम्पन्न गर्ने गराउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **थलथले चाम्चा सडक-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यावसायीको ढिलाइका कारण तोकीएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२० को उपनियम ३ मा नियम २ बमोजिम जाँचबुझ गर्दा सो उपनियम बमोजिमको अवस्था नभएको तर सम्झौता बमोजिमको काम समयमै सम्पन्न नहुने भएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ। साथै सम्झौताको बिशेष शर्त (SCC) मा तोकीएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेमा हर्जाना असुल गर्ने व्यवस्था छ। थलथले चाम्चा सडक स्तरोन्नतिका (ठे नं. २।२०७९।८०) लागि निर्माण व्यावसायी दिल निर्माण सेवा भोजपुरसँग २०८०।३।२२ मा सम्पन्न गर्ने गरी २०८०।५।३ मा मु.अ.कर सहित रु. ९६६०८९३।०० को

खरिद सम्झौता भएको पाइयो। उक्त निर्माण व्यावसायीलाई भौ नं ६।२०८०।२।९ बाट मोबिलाईजेशन पेश्की रु. ८०००००।०० दिएको पाइयो। राष्ट्रिय वाणिज्य बैंक धनकुटा शाखाबाट जारी भएको अग्रिम जमानत नम्बर A२३२०१००००००९ को म्याद २०८०।८।३० सम्म रहेकोमा बैंकको २०८०।५।३ को पत्रबाट २०८१।८।३ सम्म थप गरेको पाइयो। सम्झौता भई शुरु अवधी समाप्त भइ सक्दा पनि निर्माण व्यावसायीले सडक निर्माणको काम शुरु गरेको पाइएन । यसरी काम नै शुरु नगरेको अवस्थामा समेत पालिकाले म्याद थप दिएकोमा ऐन तथा नियमावलीको व्यवस्था बमोजिम थपिएको म्यादन भित्र काम सम्पन्न गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **पन्चकन्या सेतिचोक सफाईधाप सडक स्तरोन्नति-** पन्चकन्या सेतिचोक सफाईधाप सडक स्तरोन्नति कार्य (ठे.नं. ७।२०७८।७९) का लागि निर्माण व्यावसायी ईरिना निर्माण सेवा इनरुवासँग २०७९।३।१५ मा कार्य सम्पन्न गर्नेगरी २०७८।११।२७ मा मु.अ.कर सहित रु. ६३,३३,३१७।८० को खरिद सम्झौता भएको पाइयो। उक्त निर्माण कार्यको शुरु अवधी २०७९।३।१५ मा समाप्त भइसकेको र प्रथम पटक २०७९।८।२९ सम्म म्याद थप गर्दा पूर्ब निर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गरेको पाइयो। प्रथम पटक थपिएको अवधिमा समेत काम सम्पन्न हुन नसक्नुको पर्याप्त प्राबिधिक पुष्टयाई र बस्तुगत आधार बेगर पालिकाले पुनः २०८०।६।३० सम्म म्याद थप गरेको पाइयो। म्याद पश्चात दोश्रो रनिङ बिलको रकम रु.१६५५६६५।०० भुक्तानी पश्चात निर्माण व्यावसायीले कुनै काम नगरेको पालिकाको भनाई रहेको छ। हालसम्म शुरु अवधी ५ महिना र थप गरेको १५ महिना सहित २० महिनाको अवधीमा करिब ३५ प्रतिशत मात्रै वित्तीय प्रगति भएको पाइयो। तोकिएको काम थप गरेको अवधीभित्र पुरा गर्ने गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४९ **मुल्य अभिबृद्धी कर समायोजन-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धिकरमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको करवीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले रितपूर्कको कर वीजक बेगर देहायका निर्माण व्यसायीलाई भुक्तानी दिएको पाइयो। अतः उक्त निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **कर विजकको अवस्था** | **भुक्तानी रकम** | **७० प्रतिशत मुअकर कर रकम** |
|---|---|---|---|---|
| १६।२०७९।५।२१ | ईरिना निर्माण सेवा | कर बिजक नं. मा केरमेट गरि नयाँ नं. ०२ कायम गरेको | १६५५६६५।० | १३१४६७।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,४६७ |

५० **डिजिटल बोर्ड**

५०.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा तोकीएको स्पेसिफिकेसनको अधिनमा रहि सम्बन्धित निकाय वा सोही जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघल्ला बर्षहरुमा सोही प्रकृतिका खरिदमा लागेको वास्तबिक लागत, स्थानीय प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले पबित्रम् ट्रान्सइकोनोमिकबाट मु.अ.कर सहित रु. ९९९०००।०० को इन्टर्याक्टिभ बोर्ड खरिद गरेको पाइयो। उक्त बोर्ड खरिदको लागत अनुमानको आधार खुलाएको पाइएन। लागत अनुमान तयार गर्दा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना भएको पाइएन। यसबाट तयार गरिएको लागत अनुमान यथार्थ र वास्तबिक थियो भन्ने सम्बन्धमा आस्वस्त हुन सकिएन। खरिदलाई मितव्ययी एबं प्रभावकारी बनाउन कानुनी व्यवस्था अनुरुप लागत अनमान तयार गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५०.२ **स्पेसिफिकेशन एबं गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परिक्षण गराउनुपर्ने व्यवस्था छ। पालिकाले बोर्ड खरिद गरि भौ.नं. ७२।२०७९।७।२४ बाट भूक्तानि गरेको पाइयो। पालिकाले उक्त बोर्डको स्पेशिफिकेसन “interactive board Roitch८६’ ४k android १.१० interactive board flat panel र digital display board ८.७*५.३३ full color’’ उल्लेख गरतापनि बोर्ड र मालसामानहरु तोकिएको स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा परिक्षण एबं भिडान गरि सोको प्राविधिक प्रतिवेदन (Post Delivery Inspection) पेश गरेको छैन। पालीकाले यस सम्बन्धमा थप भिडन गरी तोकिएको स्पेशिफिकेशन बमोजिम खरिद गरे नगरेको एकीन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **बाटो सरसफाईमा डोजर प्रयोग-** देहायका वडा कार्यालयहरुले बाटो सरसफाई वापत निम्नानुसारका निर्माण व्यावसायीलाई रकम भुक्तानी गरेको पाइयो। पालिकै स्वामित्वमा डोजर रहेको अवस्थामा वडा भित्रका सडक मर्मतको लागि देहायबमोजिम रकम खर्च गरी भाडामा डोजर लगाउँदा दोहोरो खर्च भुक्तानी हुने तथा लागत बढ्न जाने भएकोले पालिकाले आफ्नो स्वामित्वमा भएको डोजरको सदुपयोग गर्दै दोहोरो नहुने गरी आयोजना सञ्चालन गर्नुपर्दछ ।

| भो. नं./मिति | कामको विवरण | फर्मको नाम | मेसिन चलेको घण्टा | प्रतिघण्टा दर रु. | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| ७१।२०७९।७।२४ | वडा नं. १ र २ को बाटो सरसफाई | चाँगे निर्माण सेवा | ११११०५ | ६३।३० | ८०६८७८।०० |
| ६८।२०७९।७।२३ | वडा नं. ३ को बाटो सरसफाई | साइमन कन्ट्रक्सन | नखुलेको | नखुलेको | २००४४९।०० |
| ७७।२०७९।८।१ | वडा नं. ६ को बाटो सरसफाई | जि यु निर्माण सेवा | नखुलेको | नखुलेको | २८२२६९।०० |
| ९८।२०७९।१२।५ | वडा नं. ५ को बाटो सरसफाई | पूजा निर्माण सेवा | नखुलेको | नखुलेको | २३००१९।०० |
| १०२।२०७९।१२।८ | वडा नं. ३ को बाटो सरसफाई | पूजा निर्माण सेवा | नखुलेको | नखुलेको | १२७६६४।०० |
| १२०।२०७९।१२।२९ | वडा नं. ३ को बाटो सरसफाई | बेरिम खेमसोङ एण्ड गौरुङ्ग कन्ट्रक्सन | ३७५८ | ६४।९९ | २७६०३४।०४ |
| जम्मा | | | | | १९२३३१३।०४ |
| | | | | | सैद्धान्तिक बेरुजु |

५२ **पाईप खरिद तथा उपयोग-** पालिकाले देहाय बमोजिमका पाइपहरु खरिद गरी विभिन्न वडाहरुमा ससना टुक्रा पारी वितरण गरेको छ । यसरी पाइप खरिद गरी ससना टुक्रा पारी वितरण गर्दा ति पाइपहरुको प्रभावकारी सदुपयोग भए नभएको साथै अपेक्षित उपलब्धी प्राप्त हुन नहुने सम्बन्धमा यकिन गर्न सकिदैन् । पाइपको सदुपयोग भएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| भौ. नं./मिति | विवरण | इकाई | परिमाण | रकम रु. |
|---|---|---|---|---|
| ६२।२०७९।७।२७ | गौरब सप्लायर्स | **HDEP** पाइप | १९६०० मीटर | ९८९७५५।७० |

| | | | | |
|---|---|---|---|---|
| ५८।२०७९।७।२ | नेपाल प्लाष्टिक | **HDEP** पाइप | ५०० मीटर | १५६५०५।०० |
| | | | | |

सैद्धान्तिक बेरुजु

५३ **उपभोक्ता समिति दर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। गाउँपालिकाले यो बर्ष विभिन्न १८२ उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिहरुको दर्ता भएको पाइएन् । उपभोक्ता समितिहरुको दिगोपना र कानूनी हैसियत कायम गर्न उपभोक्ता समितिको दर्ता र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गरी उपभोक्ता समिति दर्ता प्रकृया व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **उपभोक्ता समितिको बिल तथा कार्य सम्पन्न-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| भौ. नं. / मिति | आयोजनाको नाम | लागत अनुमान | नापजाँच अनुसारको काम |
|---|---|---|---|
| ३५।२०७९।५।२३ | रिम्चिङ सिरेसेटोल ग्रा. सा.उ.स | १२९४४५६।०० | १२९४६१४।०० |
| ३७।२०७९।५।२३ | आम्बोटे मुटेनटोल सुधार ग्रा. सा.उ.स | ५८८५८६।०० | ५८५१९१।०० |
| १०७।२०७९।१२।९ | थलथले भरीभण्डे सडक उ स | ४८२४१८।०० | ४८२४१८।०० |
| १०५।२०७९।१२।९ | पाङनाम लेक सिरान धाप सडक | ५४७३४६।०० | ५४७९०३।०० |

| | | | |
|---|---|---|---|
| | चौधरीटोल ग्रामिण सडक उ स | १६४४७१।०० | १६४२११।०० |

सैद्धान्तिक बेरुजु

५५ **लागत सहभागिता** -पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **मर्मतसंम्भार-** सार्वजनिक खरिद नियमावलीको नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरणगरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार गरेको अभिलेख समेत पालिकाले राखेको छैन।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समितिबाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर भुक्तानी -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम तथा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय बमोजिमका मेशिनबाट माटो खन्ने कार्य गराउँदा मूल्य अभिबृद्धि कर समेत लागत इष्टिमेटमा राखी भुक्तानी गरेको छ । नियमावलीको विपरीत मूल्य अभिबृद्धि करसमेत भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| क्र सं | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | मुअकर सहितको भुक्तानी रकम | मूअकर रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (उपभोक्ता समितिको अशं कटा पछि) | |
| १ | ६३।३।२४ | मंसुवाटार ओधाङ छिन्ताङदेवी पदयात्रा उस | सत कविर निर्माण सेवा | २९७३४६ | ३४२०७।९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,२०७.९५ |

५८ **सवक्यान्टकबाट काम -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायीबाट गराउन नसकिने व्यवस्था छ। नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा कार्यालयले देहायका उपभोक्ता समितिसँग सम्झौता गरी शतप्रतिशत कार्य निर्माण व्यवसायीबाट गराएको देखिन्छ । नियममा भएको व्यवस्थाको पालना भएको छैन । यस सम्बन्धमा केही उदाहरण देहाय बमोजिम रहेको छ ।

| क्र सं | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | कुल कार्यसम्पन्न | निर्माण व्यवसायिको रकम |
|---|---|---|---|---|---|
| १ | ६३।३।२४ | मंसुवाटार ओधाङ छिन्ताङदेवी पदयात्रा उस | सत कविर निर्माण सेवा | ३७१६८३।१६ | ३७२३८६।०३ |
| २ | ३७।२०७९।५।२३ | आम्बोटे मुटेनटोल ग्रामिण सडक उ स | छिन्तादेबी निर्माण सेवा (६०१०७२२८८) | ५८५१९१ | ५८५१९१ |
| ३ | ४२।२०७९।५।२८ | मदन आश्रित भवन उ स | लाकान्द्रीबन्धु कन्ट्रक्सन | ३९१८८१ | ३९१८८१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **हेवी इक्वीमेन्टको प्रयोग-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक

वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरु बाट निर्माण कार्य गर्ने गरी तयार पारिएका सडक योजनाको लागत अनुमानमा डोजर प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोले सो कार्य उपभोक्ता बाट सोझै खरिद गर्ने तथा सवकन्याक्टमा लगाउन प्रत्सोहान गरेको देखियो । साथै उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले हेभि इक्युमेन्ट प्रयोग गरी सम्पन्न गर्नुपर्ने कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खुल्ला वोलपत्र तथा सिलबन्दी वोलपत्रको माध्यमबाट अनुभवी निर्माण व्यवसायिबाट सम्पन्न गर्नुपर्दछ । यसका उदाहरणहरु

| क्र सं | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | कुल कार्यसम्पन्न | हेवी इक्युप्मेन्टको अशं |
|---|---|---|---|---|---|
| १ | ६३।३।२४ | मंसुवाटार ओधाङ छिन्ताङदेवी पदयात्रा उस | सत कविर निर्माण सेवा | ३७१६८३।१६ | ३७२३८६।०३ |
| २ | ३७।२०७९।५।२३ | आम्बोटे मुटेनटोल ग्रामिण सडक उ स | छिन्तादेबी निर्माण सेवा (६०१०७२२८८) | ५८५१९१ | ५८५१९१ |
| ३ | ४२।२०७९।५।२८ | मदन आश्रित भवन उ स | लाकान्द्रीबन्धु कन्ट्रक्सन | ३९१८८१ | ३९१८८१ |

सैद्धान्तिक बेरुजु

६० **उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्य-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्यनै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही

समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले विभिन्न वडा कार्यालय तथा विद्यालयका भवनहरु लागत अनुमान तयार गरी उपभोक्ता समितिमार्फत गराएको छ । यस्ता कार्यहरु कुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी व्यवसायि र अनुभवी निर्माण व्यवसायि मार्फत गराउनु उपयुक्त देखिन्छ ।यसका केही उदाहरणहरु निम्न छन् ।

| आयोजनाको नाम | कुल कार्य सम्पन्न |
|---|---|
| नवनिकेतन मावि निर्माण आरसिसि भवन | २६६६७१७ |
| शारदा मावि भवन निर्माण आरसिसि भवन | ५५५९७२९ |

सैद्धान्तिक बेरुजु

६१ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः (२ कोठे र ४ कोठे भवन निर्माण); छिन्ताङ माध्यमिक विद्यालय**

६१.१ **नक्शापास र ल्याव परीक्षणः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कर्यान्वयन कार्यविधिको दफा १५ मा कार्यविधिमा उल्लेख भए बाहेकका कार्यहरु प्रचलित कानून बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले ४ कोठे भवनको लागि छिन्ताङ माध्यमिक विद्यालयसँग सम्झौता गरी रु.५५५१३१९।७८ को लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद नियमावली को नियम ९७ बमोजिम उपभोक्ता समित/विद्यालय समितिमार्फत कार्य गरेको छ । भवन निर्माणको लागि अनिवार्य नक्सापास तथा निर्माण स्थलको ल्याव परिक्षण गरेर मात्र गर्नुपर्नेमा पालिकाले नक्सापास नगरी तथा माटो परीक्षण समेत नगरी भवन निर्माणको लागि सम्झौता गरेको देखियो । साथै भवन निर्माण भएको जग्गाको स्वामित्व सम्बन्धित विद्यालयमा भए नभएको सम्बन्धमा समेत स्पष्ट गरेको छैन् । भवन संहिताको पूर्ण पालना गरेर मात्र भवन निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१.२ **बढी दररेटमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ नियम १० मा सार्वजनिक निकायहरुले निर्माण कार्य नियम ९ को अधिनमा रहि अनुसुचि १ को ढाचामा तयार पार्नुपर्ने व्यवस्था रहेको छ । उपनियम ४ मा यसरी लागत अनुमान तयार गर्दा विभिन्न निर्माण सामाग्रीको दरभाउ तथा उपकरण भाडा स्थानीय दररेट समितिले तोकेके आधारमा निर्धारण गर्नुपर्ने छ । त्यस्तै नियमावलीको नियम ९७ मा उपभोक्ता समितिको कामको प्राविधिक मूल्याङ्कन गरी स्वीकृत लागत अनुमान र दरको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जिल्ला दररेटमा समावेश खस्रो वालुवाको मूल्य रु.२६०० प्रयोग गर्नुपर्नेमा प्रति घनमिटर रु.२९०० राखेर लागत अनुमान गरेको साथै केहि आइटमहरुमा भवन

विभागको नम्स प्रयोग गर्नुपर्नेमा सडक विभागको नम्स प्रयोग गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| भौचर नं | Iteam को नाम | लागत अनुमानको दर | वास्तविक दर | बढी दर | भएको काम | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| ३८,२९।२।९ | ६.PCC (१:३:६) | १४१५०।७७ | १४००९।७७ | १४१ | ५।४४ | ७६७।०० |
| | ७. PCC (१:२:४) | १६०००।२५ | १५८५९।२५ | १४१ | ७।९४ | १११९।५४ |
| | ८. pcc (१:१.५:३) | १९६७४।४१ | १९५४६।९१ | १२७।५ | ८६।४४ | ११०२१।१० |
| | ११.Brick work १:६ | २२९३६।५२ | १८२०६।५३ | ४७३० | ५३।१२ | २५१२५७।६० |
| जम्मा | | | | | | २६४१६५।२४ |

| असुल गर्नुपर्ने | ५,२८,३३०.४८ |
|---|---|

६१.३ **छडको परिमाणमा बढी भुक्तानीः** विद्यालयको चारकोठे भवन निर्माणको लागि पालिकाले सम्झौता गरेकोमा आइटम नं ९ मा फलामे छडको जम्मा परिमाण १००९५।६१ नापजाँच गरी रु.१४३।५२ का दरले जम्मा रु.१४४८९२१।३० भुक्तानी गरेको छ । भवन विगाको नम्स नं D९(७-५) मा छडको काममा खेर जाने परिमाण समेत समावेश हुने उल्लेख गरेकोमा सोहि नम्स प्रयोग गरी दररेट विश्लेषण गरेकोमा नापि कितावमा पुनः ३ प्रतिशत नोक्सानि (Waste) भनि समावेश गरेको जम्मा परिमाण ३०२।८७ केजीको प्रति केजि रु.१४३.५२ ले बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४३,४६७.९ |
|---|---|

६१.४ **निर्माण कार्यमा सामाग्री खरिदः** सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा १ करोड रुपैयासम्म लागत अनुमान भएको श्रममूलक निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले कुल लागत अनुमान रु.५५५१३१९।७८ रहेकोमा रु.५५५१३१९।७८ को कार्यसम्पन्न बनाई जनश्रमदान रु.५५५५६१।९७ कट्टा गरी बाकी रकम रु.४९९५७५७।८१ भुक्तानी गरेकोमा सामाग्री खरिद वापत देहाय बमोजिम जम्मा रु.३३७४६७९।०० खर्च गरेको छ । यसरी उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा प्रचलित सार्वजनिक खरिद कानूनको पालना हुने गरी तथा जटिल किसिमका कार्यहरु प्रतिस्पर्धात्मक ढंगवाट अनुभवी निर्माण व्यवसायिवाट गराउनुपर्दछ ।

| आपूर्तिकर्ताको नाम | सामाग्रीको विवरण | जम्मा रकम |
|---|---|---|
| जनता इटा तथा ओम आइरन स्टोर | सम्पूर्ण निर्माण सामाग्री | ३०७४६७९।०० |
| स्थानीय वासिन्दा | स्थानीय वालुवा गिट्टी तथा काठ | ३०००००।०० |
| जम्मा | | ३३७४६७९।०० |

सैद्धान्तिक बेरुजु

६१.५ **ढुङ्गा, वालुवा र गिट्टीको खरिदः** पालिकाले विद्यालय निर्माणको लागि आवश्यक पर्ने ढुङ्गा तथा वालुवा र गिट्टी मोरङ तथा लेउती खोलाबाट ढुवानी गर्ने गरी लागत अनुमान स्वीकृत गरेकोमा विद्यालय निर्माण उपभोक्ता समितिले स्थानीय स्तरमै संकलन तथा खरिद गरी रकम भुक्तानी गरेको भरपाई संलग्न गरेको छ । स्थानीय स्तरमानै निर्माण सामाग्री उपलब्ध हुने भएमा अन्य स्थानको निर्माण सामाग्रीमा ढुवानी जोडी भुक्तानी गर्ने कार्यमाथि नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **ठाकुरदेवी माध्यमिक विद्यालय-**

६२.१ **नक्शापास र ल्याव परीक्षणः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कर्यान्वयन कार्यविधिको दफा १५ मा कार्यविधिमा उल्लेख भए बाहेकका कार्यहरु प्रचलित कानून बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले २ कोठे भवनको लागि छिन्ताङ माध्यमिक विद्यालयसँग सम्झौता गरी रु.२७९६१०२।०० को लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद नियमावली को नियम ९७ बमोजिम उपभोक्ता समित/विद्यालय समितिमार्फत कार्य गरेको छ । भवन निर्माणको लागि अनिवार्य नक्सापास तथा निर्माण स्थलको ल्याव परिक्षण गरेर मात्र गर्नुपर्नेमा पालिकाले नक्सापास नगरी तथा माटो परीक्षण समेत नगरी भवन निर्माणको लागि सम्झौता गरेको देखियो । साथै भवन निर्माण भएको जग्गाको स्वामित्व सम्बन्धित विद्यालयमा भए नभएको सम्बन्धमा समेत स्पष्ट गरेको छैन् । भवन संहिताको पूर्ण पालना गरेर मात्र भवन निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२.२ **भवन निर्माणः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको २०८०।१।२६ को चलानी नं ३८१ मा सबै स्थानीय तहहरलाई गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माण गर्न सकिने विभिन्न डिजाइन उल्लेख गरेको छ । सोहि पत्रको वुदाँ नं ४ मा यसअघि निर्माण भएको एकतले भवनमा अर्को तला थप्नसकिने व्यवस्था रहेकोमा सो प्राविधिक प्रस्ताव र स्टक्चर विश्लेषण समावेश गरी पालिकाले स्विकृत गर्नुपर्ने उल्लेख छ । विद्यालयले २ कोठे भवन वापत अघिल्लो भवनमा अर्को तला थपेको भनि लागत अनुमान तथा रु.२७६८६७१।०० को कार्यसम्पन्न गराई रु.२४८९८८७।०० भुक्तानी लिएकोमा

अघिल्लो भवनमा केकति निर्माण कार्य सम्पन् भएको थियो र यस चरणमा केकति कार्य थप गरियो सोमा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन् । विद्यालयले काममा दोहोरोपना नहुने गरी अनुदानको सदुपयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२.३ **फलामे छडको परिमाणः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम निर्देशिकामा उल्लेख भए बाहेकका विषयहरु प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावलीको नियम १२३ को उपनियम १ख मा सम्झौता अनुसारको विलको भुक्तानी गर्दा प्राविधिक नापँजाँचको आधारमा वास्तविक कार्यसम्पादनलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भवन निर्माणमा प्रयोग हुने फलामे छडको भवन विभागको आफ्नै नम्स समेत भएतापनि आइटम नं ७ मा प्राविधिकले विस्तृत नापजाँच नगरी १२० केजी प्रति घन मिटर राखेर जम्मा परिमाण ५६७१।१४ केजी फलामे छडको रु.१३५।९१ का दरले भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा तोकिएको नम्स पालना भए नभएको तथा वास्तविक परिमाण खपत भए नभएको यकिन गर्ने अवस्था छैन् । तसर्थ उक्त भवन निर्माण कार्यमा प्रयोग भएको फलामे छडको वास्तविक नापँजाँच गरी खपतको आधारमा नापी किताब पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७०,७६४.९३ |

## ६३ संघिय शिक्षा शशर्त

६३.१ **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **सि.नं.** | **विद्यालयको संख्या** | **शिक्षक दरवन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|
| १ | ३९ | २४२ | २४२ | ० | ४०३३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३.२ **शैक्षिक प्रतिवेदनः** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक

मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

६३.३ **शैक्षिक तथ्यांकः** गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/०८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७९/८० मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

६३.४ **विद्यालयगत निकासा रजिष्ट्ररः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३.५ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले बाल विकास सहजकर्ता शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१०८९०००। तलब भत्ता भुक्तानी गरेको पाईयो । समानीकरण अनुदानको रकम तलब भत्तामा खर्च गर्न परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३.६ **बढी तलब भुक्तानी -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.२९६३२७।-सम्परीक्षण गरिएको ।**

६३.७ **अङ्ग्रजी, गणित तथा विज्ञान विषय शिक्षण सहयोग अनुदान-**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु. ३४५९९९८।-सम्परीक्षण गरिएको ।**

६३.८ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरणः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुदाँ नं २.८.१४ पालिकाबाट शैक्षिक क्षतिको परिपुरण वापत १३ वटा क्रियाकलपाहरुमा बजेट खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले भौचर नं २९५।८०।३।१४ बाट विभिन्न विद्यालयको लागि ११०० थान Hand writing अभ्यास पुस्तिका खरिद गरी विभिन्न विद्यालयलाई वितरण गरेको छ । यस क्रियाकलाप अन्तर्गत उक्त कार्य गर्न मिल्ने देखिएन् । तसर्थ क्रियाकलापले उल्लेख गरे भन्दा फरक शिर्षकमा गरेको खर्च नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ३,८५,००० |

६३.९ **विद्यालय पुस्तकालय स्थापनाः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुदाँ नं २.८.९ को उपक्रियाकलाप नं ९.४ मा विद्यालयले पुस्तकालय स्थापना गर्दा सम्बन्धित पाठ्यपुस्तक खरिद गर्नुपर्ने र असम्बन्धित खरिद गर्न नहुने साथै लाइव्रेरीका लागि आवश्यक सामाग्री तथा फर्निचरमा २५ प्रतशत सम् खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमबाट निम्न विद्यालयलाई अनुदान दिएकोमा तोकिएको कार्य भन्दा फरक कार्यमा भएको खर्च नियमित गर्नुपर्ने रु

| **भौचर नं** | **विद्यायको नाम** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १९६।३।२१ | ठाकुर देवी माध्यमिक विद्यालय | फर्निचर खरिद | १७३३९ | फर्निचर खरिद गरेकोमा २५ प्रतिशत बढी रकम मात्र । |
| | | ल्यापटप खरिद | ९०००० | यस शिर्षकबाट खरिद गर्न नपाउने |
| जम्मा | | | १०७३३९ | |

| | |
|---|---|
| अनियमित भएको | १,०७,३३९ |

६३.१० **विभिन्न पुस्तकहरुको खरिदः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुदाँ नं २.८.९ को उपक्रियाकलाप नं ९.४ मा विद्यालयले पुस्तकालय स्थापना गर्दा सम्बन्धित पाठ्यपुस्तक खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहायका विद्यालयहरुलाई अनुदान दिएको छ । सम्बन्धित विद्यालयबाट पेश गरेका पुस्तक खरिदका विल परिक्षण गर्दा अधिकाशं पुस्तकहरु माध्यमिक तहसम्म पठनपाठन भन्दा भिन्न प्रकृतिका एवं शिक्षक सेवा, लोकसेवा तथा अन्य सार्वजनिक

संस्थानको परिक्षा पास सँग सम्बन्धित रहेको पाइयो । यसरी विद्यालयहरुले निर्देशिकाले तोकेका अन्तरसम्बन्धित पुस्तक मात्र खरिद गर्नुपर्दछ ।

| भौचर नं | विद्यालयको नाम | पुस्तक वापतको रकम | कैफियत |
|---|---|---|---|
| १९६।३।२१ | ठाकुर देवी माध्यमिक विद्यालय | ३७७६५२।०८ | खरिद गरिएका पुस्तकहरु मध्ये केहि मात्र अन्तरसम्बन्धीत रहेको । |

| सैद्धान्तिक बेरुजु |
|---|

६३.१ १ **दोहोरो अनुदानः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम तोकिएको अवस्थामा वाहेक एक आर्थिक वर्षमा एउटा विद्यालयलाई एक भन्दा बढी शिर्षकमा अनुदान निकासा दिन नहुने व्यस्था रहेको छ । पालिकाले ठाकुरदेवी माध्यमिक विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार अन्तगर्तको दुई तथा ४ कोठे भवन परिसकेको अवस्थामा पुन विद्यालय पुस्तकालय स्थापना शिर्षकमा रु.६५००००।०० रकम निकासा गरेकोले दोहोरो अनुदान नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६४ स्यानिटरी प्याड

६४.१ दाखिला र वितरण प्रमाणः स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२०९ जना रहेका छन। पालिकाले केवालेश्वर मेडी सेल्सबाट १०८४२ थान स्यानिटरी प्याड रु.१२३५९२७।२८ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा बजेट व्यवस्था भएको आधारमा मात्र खरिद गरी स्टोरमा मौज्दातमा राखेको छ ।पालिकाले समेत आवश्यकतामा आधारित नभई बजेट व्यवस्था भएको आधारमा प्याड खरिद गर्ने गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। साथै उक्त स्यानिटरी प्याड आवश्यकताको आधारमा विद्यालयहरुलाई वितरण गरी सम्बन्धित विद्यालयले आम्दानी वाधी छात्राहरुलाई वितरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,३५,९२७.२८ |

६४.२ **सोझै आपूर्तिकर्ताबाट खरिद**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को नियम १क मा नेपालमा उत्पादित मालसामान २५ लाख रुपैयासम्म लागत अनुमान भएमा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरेको आधारमा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै उपनियम ३ख मा उक्त मालसामान खरिद गर्दा सार्वजनिक निकायले उत्पादक बाट डिलर छुट सुविधा प्राप्त गरेको हुनुपर्ने व्यवस्था छ । पालिकाले जस्मिन हाइजिन प्रोडक्टको पत्रिकामा प्रकाशित मूल्यको आधारमा केवालेश्वर मेडि सेल्सबाट स्यानिटरी प्याड सिधैं खरिद गरेकोमा उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा मूल्यसूचि प्रकाशन गरेको भएतापनि उत्पादक सँग खरिद नगरी अन्य विक्रेतासँग खरिद गरेको छ । उक्त उत्पादकले कार्यालयले खरिद गर्ने पत्राचार गरेपश्चात मात्र डिलरलाई विक्रेता तोकेको देखिन्छ । यसबाट कार्यालयले प्राप्त मालसामान सोहि उत्पादकको तोकिएको गुणस्तर भए नभएकोमा यकिन गर्न सकिदैन् । नियमावलीको व्यवस्था बमोजिम तोकिएको मूल्य सूचिको आधारमा सोहि उत्पादकसँगनै खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **सुचना प्रविधि प्रयोगशाला स्थापना-** पालिकाले यस आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सूचना प्रविधि प्रयोगशाला स्थापनाको लागि प्रति विद्यालय रु.६५०००० का दरले निम्न २ विद्यालयलाई अनुदान दिएकोमा विभिन्न सामाग्रीहरु खरिद गरेका छन् । तर ति सामाग्री खरिद गर्नुअघि विस्तृत लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन तयार पारेको पाइएन जसले गर्दा प्राप्त भएका सामाग्रिहरु उक्त निर्देशिकाले तोकेको स्पेशिफिकेशन बमोजिमनै रहे नरहेको सम्बन्धमा यकिन गर्न सकिएन् ।

| विद्यालय | खरिद गरिएका सामाग्रीको विवरण | जम्मा रकम |
|---|---|---|
| अनिवार्य निशुल्क आधारभूत विद्यालय | ल्यापटप १ थान<br>मल्टिफिकेशन पिन्टिर्स १ थान<br>प्रोजेटर १ थान<br>कम्प्युटर १ थान<br>अफिस फर्निचर | ५४९९९९।००<br>१०००05।०० |
| जलपादेवी आधारभूत विद्यालय | एभिआर वोर्ड १ थान<br>कम्प्युटर १ थान<br>सफ्टवेयर १ थान<br>पिन्टर्स १ थान | ६५०००० |

सैद्धान्तिक बेरुजु

६६ **ल्यापटप तथा प्रोजेटर खरिद-** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको २०७९।२।३ को चलानी नं ७१ मा सबै विद्यालयहरुलाई गरेको पत्राचारमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत खरिद गर्न सकिने सामाग्रीको विवरण र स्पेशिफिकेशन समावेश गरेको छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत

सूचना प्रविधि प्रयोगशाला स्थापनाको लागि अनिवार्य निशुल्क आधारभूत विद्यालयलाई भौचर नं ३३।८०।१।१३ बाट रु.६५०००० भुक्तानी गरेकोमा विद्यालयले संलग्न गरेको विजक परीक्षण गर्दा इन्टेल कम्प्युटर्सबाट ल्यापटप एकथान तथा प्रोर्जेटर १ थान जम्मा रु.१३२०००।०० मा खरिद गरेकोमा उक्त परिपत्रमा यि सामाग्री समावेश नभएकोले तोकिएको कार्य भन्दा अन्यन्त्र गरेको रकम लाई नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,३२,००० |

६७ **नमूना विद्यालय भवन निर्माण**

६७.१ **सम्झौता र कार्यसम्पन्नः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुदाँ नं २.८.८ को उप क्रियाकलाप नं ८.२ परिच्छेद क देखी झ सम्म रहेका व्यवस्था बमोजिम नमूना विद्यालयको लागि प्राप्त हुने भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहले लागत अनुमान तयार गरी विद्यालयसँग भाद्र मसान्त सम्ममा सम्झौता गरी विद्यालयले आर्थिक वर्षको जेठ मसान्त सम्ममा निर्माण कार्य सक्नुपर्ने साथै तोकिएको समयभित्र कार्य सम्पन्न नभएमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने व्यवस्था छ । पञ्चकृष्ण माध्यमिक विद्यालयले अघिल्लो आर्थिक वर्षमा स्टक्चर सम्पन्न भएको भवनमा फिनिसिङ्ग गर्नकझ लागि दोस्रो फेजको भवन निर्माणको कुल लागत अनुमान रु.१०५७८५१२।०० बाट २०७९ असोज ११ मा सुचना प्रकाशन भएकोमा वोलपत्रको मूल्याङ्कनमा लागत अनुमानको २०।९७ प्रतिशत घटी कबोल गर्ने राइ निर्माण सेवाले वोलपत्र खरिद रकम फरक राजस्व खातामा दाखिला गरेको हुदाँ अस्वीकृत भई लागत अनुमानको १०।७५ प्रतिशत घटी कवोल गर्ने सिदार्थ निर्माण सेवा सँग २०८०।२।३२ मा कार्यसम्पन गर्ने गरी कुल रकम रु.९४४१२३४।१० मा सम्झौता भएकोमा यस वर्षसम्म तेस्रो विल सम्म रु.५१८००९८।०० को कार्य भएको भनि विद्यालयबाट विल पेश भएको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलि एवं कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ । साथै विद्यालयले एउटै भवनमा दुइवटा ठेक्का र्फत फरक फरक निर्माण व्यवसायि वाट स्टक्चर र फिनिसिङ्गको लागि छुट्टा छुट्टै लागत अनुमान तयार गरी ठेक्का लगाएकोमा भवनको गुणस्तरियता, दिगोपना कायम हुने नहुने एवं निर्माण कार्यका आइटमहरुमा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गर्न सकिदैन् । विद्यालयले गुणस्तरीय तवरले दोहोरोपना नहुनेगरी निर्माण कार्य गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६७.२ **धरौटी, मु.अ.कर तथा अग्रीम आयकर कट्टीः** सार्वजनिक खरिद नियमावलीको नियम मा १२३ मा निर्माण कार्यको विल विजक भुक्तानी गर्दा अग्रीम आयकर धरौटी तथा मु.अ.कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेमा २०८० असार मसान्त सम्म निर्माण व्यवसायि सिदार्थ निर्माण सेवालाई ५१८००९८।०० भुक्तानी भएको भनि निकासाको लागि पेश गरेको भएतापनि सोमा नियमानुसार गर्नुपर्ने कट्टी गरे नगरेको प्रमाण संलग्न गरेको छैन् । नियमानुसारको कट्टी गर्नुपर्ने (रु.२२९१८७ धरौटी, रु.६८७६३ आयकर तथा रु.१७८७८३ मु.अ.कर)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७६,७३३ |

६७.३ **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु.४९२०३३४।-सम्परीक्षण गरिएको ।**

६८ **नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान**-शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुदाँ नं २.८.९ को उप क्रियाकलाप नं ९.१२ बमोजिम विद्यालयहरुले प्राप्त गर्ने शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान वापतको रकमबाट नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ बमोजिमका शैक्षिक पूर्वाधार, छात्रावास व्यवस्थापन र शैक्षिक सुशासनका क्षेत्रका सर्त पूरा गर्न भौतिक पूर्वाधार विकासको लागि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यको लागि पञ्चकृष्ण माविलाई रु.५००००००।०० भौचर नं १५१।३।५ बाट निकासा दिएकोमा पेश गरेका कागजात परीक्षण गर्दा उल्लेखित निर्देशिकाको शिर्षकमा पर्ने भन्दा अन्य शिर्षकमा खर्च गरेको, सो क्षेत्रको विकास गर्न भौतिक पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेमा चालू प्रकृतिमा खर्च गरेकोले सो रकम तोकिएको कार्यभन्दा फरक कार्यमा गरेको खर्च नियमित गर्नुपर्ने रु

| **खर्च भएको सामाग्रीको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|
| पत्रिका सूचना | ११३०० | निर्माण कार्यको कन्टिनजेन्सीबाट खर्च गर्नुपर्ने । |
| वस खरिद मूचुल्का | ५००० | निर्देशिकाको उल्लेखीत ३ कार्य विवरणले नसमेटेको कार्यमा साथै भत्ता वितरण गरेको । |
| वस खरिद | २९६२२७८ | निर्देशिकाको उल्लेखीत ३ कार्य विवरणले नसमेटेको कार्यमा खर्च गरेको साथै भौतिक पूर्वाधारको क्षेत्रमा समेत भएको नदेखिएको । |
| ल्यापटप खरिद | ९४७७८२ | निर्देशिकाको उल्लेखित कार्यविवरणमा नपरेको । |
| कम्प्युटर मर्मत | २४४०० | निर्देशिकाको उल्लेखित कार्यविवरणमा नपरेको साथै चालू प्रकृतिको खर्च । |
| राउन्ड टेवल खरिद | २८४७६० | उल्लेखित कार्यक्रम भन्दा अन्यन्त्र खर्च भएको । |
| शिक्षक तलब | १०६००० | शिक्षक स्थायी र दरबन्दीमा नियुक्त गरिने छुट्टै व्यवस्था रहेको। |
| जम्मा | ४३४१५२०।०० | |

| | |
|---|---|
| अनियमित भएको | ४३,४१,५२० |

६९ **औषधि खरिद-** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आकस्मिक सेवाका औषधी खरिद शिर्षकबाट देहायका फर्मसँग रु को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| फर्मको नाम | जम्मा रकम | कैफियत |
|---|---|---|
| जेनीशा मेडिसिन | ९३१७३८ | सोझै खरिद |
| पञ्चासे आर्युर्वेद | ३८९५५१ | आर्युवेद औषधी खरीद |
| सिजां आर्युवेद | १२४९२० | आर्युवेद औषधी खरीद |
| जेनीशा मेडिको | ७६७१३ | सोझै खरिद |
| उमा सर्जिकल एण्ड सप्लायर्स | ११९४४६ | सोझै खरिद |
| जेनीशा मेडिको | ४९९८१ | सोझै खरिद |
| पाथिभरा सर्जी इक्पेक्स | ५२७८१ | सोझै खरिद |
| भारद्वज औषाधालय | २४११४६ | आर्युवेद औषधी खरीद |
| जम्मा | १९८६२७६ | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **विभिन्न तालिम कार्यक्रममा खर्च मापदण्डको प्रयोग-** स्वाथ्य मन्त्रालयबाट विषयगत कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय तहहरुमा पठाइएको वजेट वाडफाँड खण्डमा अर्थ मन्त्रालयको खर्च मापदण्ड तथा निर्देशिका बमोजिम रकम खर्च गर्नुपर्ने उल्लेख गरेको छ । नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदाँ नं ७।१।१५ मा सबै प्रकारका तालिम तथा गोष्ठी कार्यक्रमा सहभागीहरुलाई जिल्लास्तरीय तालिम कार्यक्रम ४ कोष भन्दा बाहीरबाट दैनिक आवतजावत गर्न नसकिने आमन्त्रित

गरिएको भएमा दैनिक खानावस्न वापत रु७००।०० प्रति व्यक्ति तथा यतायत सुविधा वापत दुई दिनसम्मको रु२०० तथा सो भन्दा बढी जति भएपनि रु५००।०० सम्म यातायत खर्च दिन सक्ने व्यवस्था छ । त्यस्तै प्रति सहभागी खाजा खर्च वापत दैनिक रु२०० पाउने व्यवस्था छ । उल्लेखित तालिम तथा गोष्ठी कार्यक्रम १ तथा २ दिनको सञ्चालन गरिएको र सहभागी सम्पूर्ण आफ्नो कार्यक्षेत्र भित्रका रहेकोले आवासको व्यवस्था गर्नुपर्ने देखिदैन भने २ कार्यदिनको तालिम भएकोले यातायत खर्च समेत जम्मा रु२०० पाउने देखिन्छ । त्यस्तै आफ्नो गाउँपालिका भित्रका कर्मचारीहरुलाई मात्र समावेश गरिएको तालिम भएकोले दैनिक आवतजावत गर्न सक्ने देखिन्छ । साथै सोहि वुदामा प्रशिक्षक भत्ता वापत रु.७०० पाउने तर आफ्नै कर्मचारी भएमा कार्यपत्र वापतको एकमुष्ठ जम्मा रु.८०० मात्र पाउने एवं सबै गोष्ठी, वैठकहरुमा जम्मा रु.२०० सम्म खाजा खर्च गर्न सकिने व्यवस्था छ । साथै अर्थ मन्त्रालयको मितिव्यिता सम्बन्धी निर्देशिकाको २०७७ दफा ६ मा कानून बमोजिम गठित समितिको कार्यलयसमय बाहिर बसेको वैठकमा मात्र वैठक भत्ता पाइने र कार्यलयका कर्मचारीमात्र सहभागी वैठकमा कूनै किसिमको वैठक भत्ता नपाउने तथा विषय विज्ञलाईमात्र आमन्त्रित सदस्यको रुपमा सहभागी हुन सक्ने व्यवस्था छ । परीक्षण गरिएका भौचरहरुबाट भुक्तानी भएको रकमहरुमध्ये देहायको रकम आनै कार्यलयका प्रशिक्षकले प्रशिक्षक भत्ता लिएको आफ्नै कर्मचारी कार्यक्रममा समेत भत्ता लिएको तथा सहभागि भत्ता वापत नपाउने भत्ता वितरण गरेको देखिएको अनुसुची बमोजिमको रकम असुल गर्नुपर्ने

**प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ र ११ को निर्णयबाट रु. ४५,९८५।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,७२० |

**(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७१ **पारिश्रमिक करकट्टी-**

**✂ .......... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.११६८३।-सम्परीक्षण गरिएको ।**

७२ **पेश्की फछ्यौट-**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा जुन उद्देश्यको लागि पेश्की लगिएको हो सोहि उद्देश्यमा खर्च गरी तोकिएको समयभित्र फछ्यौट गर्नुपर्दछ । तुलसादेवी भट्टराईको पेश्की भौचर नं २२६।३।३१ बाट फछ्यौट गरेकोमा निजले समावेश गरेका कागजातहरु वाट खरिद गरिएका सामाग्री स्टोर दाखाल नभएका, असम्बन्धित सामाग्री खरिद भएको साथै खर्च प्रयोजनसँग मेल नखाने साथै अन्य कार्यक्रम शिर्षकका विल भरपाई समावेश गरी फछ्यौट गरेकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,३०० |

७३ **घरभाडा भुक्तानी-** पालिकाले आर्युवेद शाखा छिन्ताङको लागी ५ कोठाको भवन वार्षिक रु.६०००० मा करकट्टी गरी भुक्तानी हुने गरी घरभाडामा लिएकोमा भौचर नं ४६।११।१६ बाट दिनेश राईलाई ६ महिनाको भाडा भुक्तानी गर्दा रु.३०००० मा करकट्टा गरी रु.२७००० भुक्तानी गर्नुपर्नेमा रु.३६००० मा करकट्टा गरी रु.३३००० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

७४ **मातृ तथा नवशिशु कार्यक्रम वापत सुत्केरी महिलालाई यातायत खर्च र प्रोत्सोहान भत्ता भुक्तानी-**नेपाल सरकार स्वाथ्य मन्त्रालय सशर्त कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० बमोजिम आमा तथा नवजात शिशु कार्यक्रम २०७८ स्वाथ्य संस्थामा नियमित प्रोट्रोकल पुरा गरेवापत प्रोत्सोहान सहित रु.२८०० यतायत खर्च पाउनेमा अहेव टोपेन्द्र राईले विभिन्न ३६ महिलाले यतायत खर्च र १६ महिलाको सम्पूर्ण प्रोट्रोकल पुरा गरेको भनी प्रति व्यक्ति रु.८०० का दरले रु.८४८०० भुक्तानी गरेको प्रमाण संलग्न गरेकोमा भौचर नं ६४।१२।९ बाट पेश्की फछ्यौट भई थप रकम समेत रु.१३०४५४।०० भुक्तानी भएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम सरकारी रकम खर्च गर्दा रित पुगेको विल भौचर भरपाई राखेर मात्र खर्च गर्नुपर्ने तथा उद्देश्य बमोजिम कार्यक्रम भएपश्चात सो प्रमाण राखेर पेश्की फछ्यौट गर्नुपर्दछ । वास्तविक भन्दा बढी भुक्तानी गरेको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,६०० |

७५ **प्रमाण वेगर भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी कारोवारको भुक्तानी गर्दा विल भौचर तथा भरपाई संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका व्यक्तिहरलाई भुक्तानी गर्दा सोको पुष्टि हुने प्रमाण नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **भुक्तानी पाउनेको ना** | **भौचर नं/ मिति** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| लाखमान राई | १२५/२०८०।२।१० | १०४०० | कोभिड १९ खोप अभियानमा केन्द्रको अनुगमन गरेको संख्याको आधारमा भुक्तानी लिएको तर सोको पुष्टि हुने प्रमाण नरहेको अनुसुचिको |
| सुमित कुमार राम | १४१।२।३० | १३६०० | |

| | | | |
|---|---|---|---|
| | | | प्रतिलिपिमा रेजा मात्र लगाएको । |
| पालिका भित्रका स्वाथ्य चौकी सम्पूर्ण | १२६।२०८०।२।१० | २२०००० | विल भौचर पेश नभएको । |
| चन्द्र राई वल प्रसाद राई | १६६।३।१२ | २३५०० | भ्याक्सिन कोल्ड चेन वापत भुक्तानी निवेदनको आधारमा प्रमाण नरहेको । |
| जम्मा | | २,४४,००० | |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ र ११ को निर्णयबाट रु. ५१३००।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४४,००० |

७६ **स्वाथ्य संस्थाले प्राप्त गरेको ईकाई मूल्यको रकम खर्च-**नेपाल सरकार स्वाथ्य मन्त्रालय सशर्त कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० को वुदा नं १२ बमोजिम आमा तथा नवजात शिशु कार्यक्रम २०७८ बमोजिम स्वाथ्य संस्थाले प्राप्त गर्ने ईकाई मूल्यवाट रु.३०० कर्मचारीहरुको उत्प्रेरणमा खर्च गरी वाकी रकम आवश्यक औषधी र उपकरण खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट देहायका स्वाथ्य केन्द्रहरुलाई सो वापत देहाय बमोजिम रकम भुक्तानी दिएको तर ती स्वाथ्य संस्थाहरुलाई नियमित बजेटबाट व्यवस्था गरी यस सँग सम्बन्धित औषधि तथा उपकरण समेत पठाइरहेको अवस्थामा यसरी पठाएको रकम कहाँ खर्च भएको को छ । सम्बन्धित संस्थाले यसबाट खरिद गरेको औषधीको विल विजक तथा स्टोर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने एवं कर्मचारीको उत्प्रेरणमा कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने

| भौचर नं | स्वाथ्य संस्थाको नाम | जम्मा भुक्तानी रकम |
|---|---|---|
| १७७।२०८०।३।१७ | आखिसल्ला स्वाथ्य चौकी | १०५००० |
| १७७।२०८०।३।१७ | वल प्रसाद राई | १३६०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,६०० |

७७ **पकेट विकास कार्यक्रम-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा स्थानीय तहले सूचना प्रकाशन गर्नुपर्ने, तथा उक्त क्षेत्रका लक्षित समुह तथा

वर्ग तथा समुहले अनुसुचि १० को ढाँचामा आवेदन पेश गर्ने तथा स्थानीय तहले प्राविधिक समिति गठन गरी उक्त आवेदन माथि मूल्याङ्कन गरी प्राथामिकरणको आधारमा पकेट क्षेत्र लक्षित समुह छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पकेट क्षेत्रको सञ्चालन तथा निरन्तरताको कार्यक्रम सञ्चालन गरेको भएतापनि कुनै पनि सूचना एवं आवेदन तथा मूल्याङ्कन समेत नगरी पालिका भित्रका विभिन्न स्थानहरुमा पकेट सञ्चालनको लागि व्यवसायिक फर्मवाट विउ तथा सामाग्री खरिद गरी सिधै व्यवसायिक फर्मलाई भुक्तानी दिएको साथै एउटा मात्र फर्मसाग सम्झौता गरी रकम भुक्तानी गरेको छ । यसरी म्यानुअलले स्पष्ट गरेको छनौट प्रकृया र विधि बमोजिम पकेट क्षेत्रको पहिचान र अनुदान वितरण गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ।

७७.१ **पकेट कार्यक्रमको लागत अनुमानः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं ४.१.९.२(ग) मा स्थानीय तहहरुले स्वीकृत कार्यक्रमहरुको लागि अनुसुचि २ वाट उपयुक्त कार्यक्रमहरु छनौट गरी स्थानीय दररेटका आधारमा लागत अनुमान तयार गरी कार्यक्रम कार्यान्वन गर्नुपर्नेमा पालिकाले सम्बन्धित उपभोक्ता समितिबाट तयार गरेको व्यवसाय कार्ययोजनाको आधारमानै कार्यक्रम कार्यान्वयन गरी रकम भुक्तानी गरेको छ । जसबाट कुन कार्यको लागि केकति रकम आवश्यक पर्दछ र सोवापत केकति भुक्तानी भयो सोको लागत लाभ विश्लेषण गर्न सकिदैन् । पालिकाले स्थानिय दररेटलाई आधारमा मानेर लागत अनुमान तयार पारेर मात्र कार्यक्रम कार्यन्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७७.२ **पकेट कार्यक्रमको अनुगमनः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ मा पकेट विकास क्रियाकलाप अन्तर्गत सञ्चालित कार्यक्रमहरुको एकल वा संयुक्त रुपमा स्थानीय तहले अनुगमन गरी सोको प्रतिवेदन परियोजना कार्यान्वयन इकाइ वा प्रदेश कृषि/पशु कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको पकेट कार्यक्रममा विउ विजन तथा पशुहरु कृषकलाई भरपाईको गरी वितरण गरेकोमा उक्त विउ विजनहरु कृषकले लगाए नलगाएको वा पशु नश्ल सुधारको कार्यक्रमहरु सञ्चालन भएको अवस्थामा सोको प्रगति लेखापरीक्षण अवधिसम्म पेश हुन आएन। यसबाट पकेट कार्यक्रम प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले म्यानुअलको व्यवस्था बमोजिम निरन्तर पकेटको अनुगमन गरी प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.३ **पहिलो वर्षमा पकेट सञ्चालनः** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ को बुदा नं ४.१.९.२(ख) मा पकेट सञ्चालनको पहिलो वर्षमा कृषिको हकमा वालि विउ विरुवा तथा क्षेत्रफल वृद्धिका मात्र न्युनतम ६० प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा देहाय बमोजिम नयाँ पकेट सञ्चालन गरेकोमा स्वीकृत गरेको लागत अनुमानमा कुल खर्च रकमको ६० प्रतिशत भन्दा न्यून रकममात्र वालि विउ विरुवा तथा क्षेत्र विस्तारको लागि उपयोग भएको देखिन्छ । उक्त मापदण्ड बमोजिम पकेट ञ्चालनको प्रथम वर्षमा वालि विउ विरुवा

तथा क्षेत्रफल वृद्धिका लागि न्युनतम ६० प्रतिशत भन्दा कम भएको रकममा दिएको अनुदान रकमको अशं नियमित गर्नुपर्ने रु

| फर्मको नाम | गोश्वरा भौचर र मिति | कुल अनुदान दिएको रकम | क्षेत्रफल वृद्धिका लागि खर्च भएको रकम | ६० प्रतिशत ले हुने रकम | न्यून भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| नमूना कृषि तथा पशुपालन समिति | १९२/८०।३।२१ | ३००००० | ६१६०० | १८०००० | ११८४०० | कृषि औजारमा खर्च भएको |
| जम्मा | | | | | ११८४०० | |

| | |
|---|---|
| अनियमित भएको | १,१८,४०० |

## ७८ प्रधानमन्त्री रोजगार कार्यक्रम

७८.१ **प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा छ ।
कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको अवस्था छ । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, गोरेटो वाटो, खेलकुद मैदान तथा प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष करिब १८२ जनालाई रोजगारी उपलव्ध गराई रु. १ करोड ४ लाख ७० हजार खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि ५५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८.२ **रोजगारी सृजनाः** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम स्थानीय तहहरुको रोजगार सेवा केन्द्रहरुले वेरोजगार सूचिकृत गरी ती वेरोजगारहरु मध्येवाट छनौट गरी प्राथामिकताको आधारमा रोजगारी सृजना गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत यसै परियोजनामा अघिल्लो आर्थिक वर्षमा १०० दिन पुरा अवधी रोजगारी प्राप्त गरेका व्यक्तिहरु समेत चालू आर्थिक वर्षको योजनामा दोहोरिएको पाइयो । जसले गर्दा सूचिकृत वेरोजगारहरु सबैले रोजगारी प्राप्त गर्ने अवसर नपाउन सक्ने देखिन्छ । पालिकाले रोजगार सेवा केन्द्रमा सुचिकृत सम्पूर्ण व्यक्तिहरुलाई १०० दिन रोजगारी पाएपश्चात मात्र दोस्रो पटक रोजगारीको अवसर दिनुपर्दछ । यसका केहि उदाहरणहरु निम्न रहेका छन् ।

| व्यक्तिको नाम | २०७८।७९ को आयोजनाको नाम | २०७९।८० को आयोजनाको नाम |
|---|---|---|
| कर्ता बहादुर राई | खत्री बरकोबाटे खल्छेचोकसम्म सिडि निर्माण | कागुने गोरेटो वाटो |
| डम्बर बहादुर दर्जी | घर्तिनिर्बारी सल्लावोटे ग्रामिण सडक | चाम्चा पाखा ग्रामिण सडक |
| लुम्ब राज राई | | |
| डम्बर बहादुर प्रधान | | |
| पुर्मती दर्लामी | गौरा पाखा ग्रामिण सडक | चाम्चा लुङ्गथान ग्रामिण सडक |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **सुरक्षित नागरिक आवास कार्यक्रम-**सुरक्षीत नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ६ बमोजिम पहिलो किस्ता वापतको रकम लिएका लाभग्राहीले ३ महिनाभित्र कार्यसम्पन्न गरी दोस्रो किस्ता रकम नलिएमा पहिलो किस्ता वापत लिएको अनुदान रकम सम्बन्धित स्थानीय तहले असुल गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा यस आर्थिक वर्षको अन्त्य सम्ममा ४११ जना लाभग्राहीले पहिलो किस्ता वापतको रकम रु.३००००।०० का दरले जम्मा रु.१२३३०००० हजार अनुदान स्वरुप लगेकोमा २०८० असार मसान्त सम्ममा ३९८ जना लाभग्राहीले मात्र फरफारख गरी दोस्रो किस्ता भुक्तानी लिएका छन् । बाकी १३ जना लाभग्राहीले ३ महिना व्यतित भइसक्दा समेत दोस्रो किस्ता निकासा हुने गरी कार्यसम्पन्न प्रगति पेश गरेको नदेखिएकोले स्थानीय तहले ती लाभग्राही पहिचान गरी कार्य फरफारख गर्नुपर्दछ अन्यथा सम्बन्धितवाट असुल गराई हिसा मिलान गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९०,००० |

८० **लघु उद्यम विकास कार्यक्रम-** लघु उद्यम कार्यक्रमको लागि कार्यालयले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रममा नयाँ उद्यमीतर्फ रु.२५९५९६७.०० खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्न रहेका छन् ।

८०.१ **सोझै सेवा प्रदायक तथा प्रशिक्षक नियुक्तिः** गरिबि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ परिच्छेद ३ दफा ११ मा कार्यालयमा छनौट गरिएका उद्यम विकाससँग मस्बन्धित कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार तथा सिपयुक्त जनशक्ति नभएमा सेवा प्रदायक संस्थाबाट कार्यक्रम सञ्चालन गर्न सक्ने व्यस्था रहेको छ । त्यस्तै दफा २८ मा सिप विकास तालिम कार्यालयले नियुक्त गरेको सहजकर्ता तथा सेवा प्रदायक संस्थामार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । परिच्छेद ३ मा सेवा प्रदायक संस्थाको प्रस्ताव माग गरी छनोट गर्नुपर्ने सम्बन्धी व्यवस्था रहेको छ। कार्यालयले विभिन्न किसिमका सिप विकास तालिम कार्यक्रमहरु सञ्चालन सहजकर्ताहरु मार्फत गरेको, निर्देशिका बमोजिम सहजकर्ताले मासिक प्रारिश्रमिक लिइरहेको अवस्थामा पुन प्रशिक्षक भनि कुनै प्रमाणित योग्यता तथा कागजात विना तथा रोष्टर समेत नराखी सोझै नियुक्त गरी विभिन्न दरमा पारिश्रमिक भुक्तानी गर्दा दोहोरो भएको देखियो । सो कार्यको लागि सिधै प्रस्ताव आवह्यन नगरी सोझै सेवा प्रदायक नियुक्त गरी पारिश्रमिक र यतायत सुविधा समेत भुक्तानी गरेको देखियो । यसबाट पालिकाले निर्देशिकाको मर्म बमोजिम विनियोजित बजेट परिचालन गरी अधिकतम उद्यमीलाई तालिम सञ्चालन गर्नुपर्नेमा सिधै प्रशिक्षक नियुक्तिमा खर्च गरेको नियमसङ्गत नभएको रु

| **भौचर नं ।मिति** | **भुक्तानी पाउनेको नाम** | **विवरण** | **जम्मा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ९१।१।४ | खुमा राई | सिलाई कटाई तालिम | ३०३०० | प्रशिक्षक शान्ता राई लाई नियुक्त गरी भुक्तानी गरेको तर कुन आधार र मापदण्ड खुलासा नभएको |
| १२८।२।१४ | ओमा राई | सिलाई कटाई तालिम | ३०६०० | प्रशिक्षक शान्ता राई लाई नियुक्त गरी भुक्तानी गरेको तर कुन आधार र मापदण्ड खुलासा नभएको । |
| १८४।३।१८ | ओमा राई | बेमौसमी तरकारी खेती कार्यक्रम | २५२०० | प्रशिक्षक मानिका राई लाई नियुक्त गरी भुक्तानी गरेको तर कुन आधार र मापदण्ड खुलासा नभएको |
| १९८।३।२१ | ओमा राई | सिलाई कटाई तालिम | ३०००० | प्रशिक्षक शान्ता राई लाई नियुक्त गरी भुक्तानी गरेको तर कुन आधार र मापदण्ड खुलासा नभएको |
| जम्मा | | | ११५५०० | |

| | |
|---|---|
| अनियमित भएको | १,१५,५०० |

८०.२ **प्रविधि हस्तान्तरणः** गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को दफा मा प्रविधि हस्तान्तरण गर्दा सम्बन्धित लाग्राहीको २० प्रतिशत नगद सहभागिता गर्नुपर्ने व्यवस्था छ । पालिकाले पञ्चलक्ष्मी कन्ट्रक्सन एण्ड सप्लायर्सबाट ८ सेट सिलाईमेसिन खरिद गरी रु.१३५६०० भौचर नं १४८।३।४ बाट र १९७।३।२१ बाट रु.७०००० को कुखुरा चल्ला ३५० वटा खरिद गरी ओमा राईलाई भुक्तानी दिएकोमा सो सिलाई मेसिन वितरणको भरपाई पेश गरेको छैन् । साथै उक्त रकमको सम्पूर्ण रकम नै कार्यालयले भुक्तानी गरेकोले सोको वितरण भरपाई पेश गरी सम्बन्धीत वाट लागत सहभागिता वापतको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,१२० |

८०.३ **करकट्टीः**

*........... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु.१८५३३ ।- सम्परीक्षण गरिएको ।*

८१ **वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम - सोलार प्यानल खरिद, तथा वितरणः** स्थानीय तहको लागि वैकल्पिक ऊर्जा कार्यक्रम कार्यान्वयन मार्गदर्शन (ऊर्जा मन्त्रालयको मिति २०७५।११।०२ को पत्र) को उपभोक्ताहरुको सर्वेक्षण गरी संकलित मागको आधारमा स्थानीय तह वा उपभोक्ता समितिबाट कम्तिमा १० प्रतिशत अनुदानमा वैकल्पिक उर्जा सँग सम्बन्धित सोलार तथा गोवरग्यास वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सिफारिसमा उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले माग संकलन नगरी प्रिमियम ट्रेड सप्लायर्स बाट विभिन्न क्षमताका सोलार, व्याट्रि तथा वल्बहरु खरिद र जडान शुल्क सहित रु.७९१८२१।९३ बाट खरिद गरी भौचर नं ५१।३।५ बाट भुक्तानी भएको छ । पालिकाले उक्त सोलारहरु खरिद गरी स्टोरमा राखेको छ । यसरी पालिकाले खरिद गरेका सोलारहरुमा तोकिए बमोजिम लागत सहभागिता नभएको साथै वितरण नगरी स्टोरमा राखेको पाइएकोले सोको लागत सहभागिता वापतको रकम रु.७९१८२।१८ संघिय सञ्चित कोष फिर्ता गरी सोलार वितरण गरि जडान गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९१,१८२ |

८२ **भ्रमण खर्च-**भम्रण खर्च नियमावली २०६४ को नियम मा भ्रमण मितव्ययी ढंगबाट हुनुपर्ने उल्लेख छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक सिता पौडेलले भौचर नं १५।६।६ दैनिक स्टेशनरी लगायतका सामाग्री खरिद गर्न एक दिनमा आवातजावत गर्न सकिने स्थानमा गएको ३।४ दिनको दैनिक भ्रमण भत्ता रु.२५०१० तथा भौचर नं ५४।१२।०३ बाट रु.१९०२५ भुक्तानी लिएकोले सो रकम असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,०३५ |

८३ **व्यक्तिगत प्रयोजनको खर्च तथा सोधभर्ना -** निजामति कर्मचारीहरुलाई तोकिएको वाहेक अन्य सुविधा उपलब्ध गराउन मिल्दैन् । पालिकाले ओम प्रकाश यादवको व्यक्तिगत प्रयोजनको इन्धन तथा अन्य खर्चको सोधभर्ना भौचर नं ५४।१२।०९ बाट दिएकोले सो रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७९६ |

८४ **जिन्सी दाखिला-**

**✂ ...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१६०००।-सम्परीक्षण गरिएको ।**

८५ **जिन्सी दाखिला-**

**✂ ...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.४८५७५४।-सम्परीक्षण गरिएको ।**

८६ **विपद व्यवस्थापन**

८६.१ **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि २ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६.२ **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । ऐनको पालना गर्नु/गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६.३ **बिपद व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा

कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ। गाउँपालिकाले गत वर्षको मौज्दात रु.३२४१७०६.५१ रहेकोमा यो वर्ष आम्दानी रु.१४६९५४.०० गरी रु.१०९०७५९.०० खर्च भई रु.२२९७९०१.५१ बाँकी देखिन्छ।प्रकोष व्यवस्थापन कोषवाट खर्च भएको अधिकांश रकम पालिका अध्यक्षको तोक आदेशमा तोकका आधारमा आर्थिक सहयोग तथा पूर्वाधार विकासका क्षेत्रमा खर्च गरेको देखिन्छ । यस्ता किसिमका खर्चहरुमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६.४ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा खरिद सम्झौता अनुसार सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकको धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट जारी गरिएको कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका विभिन्न ६ वटा निर्माण व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण बेगर धरौटी रु.१३३८८८४ फिर्ता गरेको देखिएकोले सो निर्माण व्यवसायीहरुले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने

| **गो.भौ.नं।मिति** | **निर्माण व्यवसायी** | **रकम रु.** |
|---|---|---|
| ३।०७९।४।२५ | सुदिक्षा थुलुङ्ग कन्स्ट्रक्सन ३०३८६४६८४ | ५१२१९१ |
| ६।०७९।५।२० | छिन्ताङ देवी नि.सेवा ६०१०७२२८८ | ३५०९२९ |
| ७।०७९।५।२७ | खोकु नि. सेवा ३०२९९४५७० | ९५७६४ |
| ८।०७९।५।२९ | पुजा नि. सेवा ६१३२९८१५५ | ७५००० |
| ८।०७९।५।२९ | चागे नि. सेवा ६१२६७६२८४ | ९५००० |
| १३।०८०।१।२२ | पुजा नि. सेवा ६१३२९८१५५ | २१०००० |
| | **जम्मा** | **१३३८८८४** |

| प्रमाण पेश नगरेको | १३,३८,८८४ |
|---|---|

८८ **विद्युतीय हाजिरी अभिलेख-** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ प्रदेश नं १, को दफा ३ को उपदफा १(क) र (ख) मा नियमित कामका लागि बैठक भत्ता प्रदान गर्न नमिल्ने, कानून अनुसार गठन भएका समितिको बैठकका लागि मात्र भत्ता प्रदान गर्न सकिने , बैठक समय कार्यालय समय अघि वा पछि भएको हुनुपर्ने र कार्यालय परिसरभित्र बैठक बस्दा उक्त कार्यालयमा बैठकमा सहभागी हुने सदस्यको विद्युतीय हाजिरी अभिलेख समेत संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका गो.भौ. मार्फत विभिन्न मितिहरुमा कार्यालय समय अघि वा पछि बैठक बसेका विभिन्न पदपूर्ति समिति, शिक्षा समिति र अन्य समितिहरुको बैठकहरुको बैठक भत्ताबापत खर्च लेखेको देखियो । पालिकाले निर्देशिका बमोजिम बैठक भत्ता बुझ्ने बैठक सदस्यहरुको विद्युतीय हाजिरी संलग्न गरेको नदेखिएकोले मापदण्डको पालना भएको देखिएन । तसर्थ पालिकाले आगामी दिनहरुमा बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकामा व्यवस्था भएबमोजिम बैठकमा सहभागी हुने सदस्यको विद्युतीय हाजिरी अभिलेख संलग्न गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

| **गो.भौ.नं।मिति** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| ५५।०७९।७।१७ | आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धी सिलबन्दी बोलपत्र मुल्याङ्कन समिति | १४००० |
| ४१२।०८०।३।२२ | विभिन्न समितिहरुमा कर्मचारी बैठक भत्ता | ७०००० |
| ४४७।०८०।३।२४ | जलस्रोत समिति बैठक भत्ता | ४५००० |
| ४५१।०८०।३।२४ | प्र.अ.हरुको बैठक | ७९००० |
| ४५१।०८०।३।२४ | सामाजिक विकास समितिको बैठक | ३०००० |

सैद्धान्तिक बेरुजु

८९ **परामर्श सेवा**

८९.१ **कार्यक्षेत्रगत शर्तः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्शसेवा खरिद गर्दा परामर्शदाताले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्धेश्य, परामर्शदाताको कार्यक्षेत्र र निजले सम्पादन गर्नुपर्ने काम, परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन, तथ्यांक, नक्सा , सर्भे प्रतिवेदन लगायतका कुराहरु सहितको कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले बालमैत्री स्थानीय शासन संचालन रणनीतिक योजना निर्माण कार्यका लागि भ्याट रकम सहित कुल रु.४९८३३५ को लागत अनुमान तयार गरेको देखियो । पालिकाले सो रणनितिक योजना निर्माणको विस्तृत कार्य विवरणमा आवश्यक जनशक्ति अन्तरगत Team Leader-१ -MBA & ५ years experience, Researcher -३ जना- B.Com & ५ year experience, Supervisor- २ जना, Script Writer-१ , Office staff-१ जना जनशक्ति राखी लागत अनुमान तयार गरी मौजुदा सुचीमा सुचीकृत फर्महरुसंग दरभाउपत्र

लिइ खरिद प्रक्रिया अगाडी बढाएकोमा सबैभन्दा घटी कबोलदाता कमन ईन्टरनेशनल (६०४२९०४७६) ले रु.४९७२०० कबोल गरी स्वीकृत भएको देखियो । पालिकाले गो.भौ.नं।मिति ८०।०७९।७।२३ मार्फत सो परामर्शदातालाई बिल नं ३।०७९।७।२१ मार्फत कार्यसम्पन्न भई रु.४९७२०० भुक्तानी गरेको देखियो । स्वीकृत परामर्शदाताले पेश गरेको आर्थिक प्रस्ताव तथा अन्तिम प्रतिवेदनमा समेत लागत अनुमान अनुसारको जनशक्तिहरु प्रयोग गरे/नगरेको, प्रयोग गरेको भए सो जनशक्तिहरुको योग्यता तथा कार्यानुभव खुल्ने कागजातहरु पेश भएको देखिएन । स्वीकृत परामर्शदाताले सम्झौता बमोजिमको जनशक्ति प्रयोग गरेको प्रमाणहरु पेश नभएका कारण तयार भएको अन्तिम प्रतिवेदन गुणस्तरीय भए/नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन । तसर्थ पालिकाले रितबमोजिम कागजातहरु पेश भएपछि मात्र भुक्तानी दिनेतर्फ जोड दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८९.२ कार्यक्षेत्रगत शर्तः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्शसेवा खरिद गर्दा परामर्शदाताले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्धेश्य, परामर्शदाताको कार्यक्षेत्र र निजले सम्पादन गर्नुपर्ने काम, परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन, तथ्यांक, नक्सा , सर्भे प्रतिवेदन लगायतका कुराहरु सहितको कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले विपन्नसंग अध्यक्ष कार्यक्रम शीर्षकबाट विभिन्न कार्यक्रमहरु संचालन गर्न विभिन्न कार्यक्रमहरुको लागत अनुमान तयार गरी मौजुदा सुचीबाट ३ वटा फर्महरुसंग दरभाउपत्र लिई सबैभन्दा घटी कबोलदाताहरु स्वीकृत गरी खरिद प्रक्रिया अगाडी बढाएको देखिन्छ । पालिकाले विभिन्न गो.भौ.नं।मितिमा निम्नानुसारका कार्यक्रमहरु परामर्शदाताहरुबाट संचालन गरी भुक्तानी गरेको देखियो ।

| **गो.भौ.नं।मिति** | **खर्च शीर्षक** | **कार्यक्रम** | **परामर्शदाता** | **रकम रु.** |
|---|---|---|---|---|
| ४०८।०८०।३।२१ | विपन्नसंग अध्यक्ष कार्यक्रम | गाउँपालिका भित्र गठन भएका महिला समुह तथा सामुदायिक संस्थाका महिला सदस्यहरुलाई कानूनी साक्षरता तथा सचेतना तालिम | सामुदायिक विकास तथा परिवर्तन केन्द्र ३०३२९४७६५ | ४९८६६९ |
| ४१३।०८०।३।२२ | विपन्नसंग अध्यक्ष कार्यक्रम | व्यवसायिक बाख्रा पालन तलिम | बिराट मल्टि टेक्नीकल एण्ड रिसर्च सेन्टर प्रा.लि. ६०६६०४३३४ | ४९५१६६ |
| ४१४।०८०।३।२२ | विपन्नसंग अध्यक्ष कार्यक्रम | विद्यालयमा अध्ययनरत छात्र, छात्राहरुलाई कानूनी सचेतना तथा जनचेतनामुलक गोष्ठी | सामुदायिक विकास मञ्च ३०३८७२१३१ | ४९५२७९ |

| | | | | |
|---|---|---|---|---|
| ४१५।०८०।३।२२ | विपन्नसंग अध्यक्ष कार्यक्रम | व्यवसायिक बंगुरपालन तालिम | गरिबी निवारण तथा ग्रामीण विकास कार्यक्रम ३०२३७८२७६ | ४९५७३१ |
| २८०।०८०।३।११ | विपन्नसंग अध्यक्ष कार्यक्रम | वडा नं ७ मा जनजाती आदिबासी सचेतना अन्तरगत असल अभिभावकको जिम्मेवारी वहनका लागि सकारात्मक अभिभावक शिक्षा कार्यक्रम | हाम्रो सुनिश्चित भविष्य नेपाल | २४७६९६ |
| ४४०।०८०।३।२३ | विपन्नसंग अध्यक्ष कार्यक्रम | आदिबासी जनजातीहरुको परम्परागत सस्कृति संरक्षण | प्राज्ञिक रिसर्च सेन्टर प्रालि ६०९७७०५०२ | २९९५२५ |
| | | | | |

पालिकाले खरिद प्रक्रिया अगाडी बढाउदा कार्यक्रमहरुको सन्दर्भ शर्तहरु तयार नगरी खरिद सम्झौता गरेको देखियो । । पालिकाले सन्दर्भ शर्त तयार नगरी सम्झौता गरेका कारण सो तालिमहरु संचालनका लागि के कस्तो योग्यता,दक्षता भएको जनशक्ति आवश्यक पर्ने हो , तालिम संचालन गर्ने विधि तथा प्रक्रिया इत्यादिसम्बन्धमा स्पष्ट नभएको र स्वीकृत परामर्शदाताले पेश गरेको आर्थिक प्रस्ताव तथा अन्तिम प्रतिवेदनमा समेत तालिममा प्रशिक्षकहरुको योग्यता तथा कार्यानुभव खुल्ने कागजातहरु पेश भएको देखिएन ।तसर्थ पालिकाले सन्दर्भ शर्तहरु तोकेर मात्रै परामर्शदाताबाट कार्यक्रम संचालन गर्नुका साथै सो कार्यक्रमको प्रभावकारितामा समेत ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **बढी मूल्यमा खरिद**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति ६९।०७९।७।२० मा व्यवसायिक पशुपालन कृषकहरुलाई हिउदे घासको बीउ वितरण शीर्षकमा जै घासको बीउ खरिद गरी रु.१३५००० खर्च लेखेको देखियो । जिल्ला दररेट निर्धारण समिति, धनकुटा को आर्थिक वर्ष २०७९।८० अनुसार जै घासको बीउ प्रति केजी रु.३२ रहेकोमा पालिकाले जै घासको बीउ प्रति केजी रु.७२ का दरले १८७५ केजी खरिद गरेकोमा प्रति केजी रु.४० का दरले १८७५ केजीको रु.७५००० बढी व्ययभार परेको देखियो । पालिकाले सो घासको बीउको बजारभाउ भन्दा जिल्ला दररेट अनुसारको मुल्य निकै कम रहेकोले जिल्ला दररेटको मुल्यमा खरिद गर्न नसकिने जनाएको छ ।पालिकाले कि त जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेबमोजिमको दरमा

खरिद वा स्थानीय दररेट निर्धारण समिति गठन गरी दररेट निर्धारण गरेर सोही मूल्यमा खरिद गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९१ **ढुवानी खर्च-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को उपदफा १ मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य र अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको न्युनतम दररेट निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका गो.भौ.नं।मिति मार्फत विभिन्न मितिमा कार्यालय सामाग्री लगायत अन्य सामाग्रीहरुको ढुवानीबापत भुक्तानी गरेको देखियो । पालिकाले ऐनबमोजिम न्युनतम भाडा तथा महसुल निर्धारण नगरेको अवस्थामा ढुवानीबापत भुक्तानी भएको रकम वैज्ञानिक हो/हो@न भन्ने सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ पालिकाले ऐनमा व्यवस्था भए बमोजिम निर्माण कार्य र अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको न्युनतम दररेट निर्धारण गर्नुपर्ने देखिन्छ । केही उदाहरणहरु निम्नानुसार छन ।

| **गो.भौ.नं।मिति** | **खर्च शीर्षक** | **विवरण** | **रकम रु.** |
|---|---|---|---|
| २७।०७९।६।५ | कार्यालय व्यवस्थापन | धनकुटा देखि सहिदभुमि ३ नं वडा कार्यालयसम्म फर्निचर र सोलार व्याट्री ढुवानीबापत | ७००० |
| ३२।०७९।६।६ | अन्य कार्यालय संचालन खर्च | धनकुटा देखि छाप स्वास्थ्य चौकीसम्म सामाग्री ढुवानी | १०००० |
| ५५।०७९।७।१७ | सवारी साधन तथा मेसिनरी औजार भाडा | सहिदभुमि गापा देखि धरान विराटनगर तथा ईटहरी कार्यालय प्रयोजनार्थ प्रयोग मिति ०७९।३।१५ बा १३ च ३०७४ | ११००० |
| ५५।०७९।७।१७ | सवारी साधन तथा मेसिनरी औजार भाडा | सहिदभुमि गापा देखि धरान विराटनगर तथा ईटहरी कार्यालय प्रयोजनार्थ प्रयोग मिति ०७९।४।१३ बा १३ च ३०७४ | ११५०० |
| ५५।०७९।७।१७ | सवारी साधन तथा मेसिनरी औजार भाडा | सहिदभुमि गापा देखि धरान विराटनगर तथा ईटहरी कार्यालय प्रयोजनार्थ प्रयोग मिति ०७९।६।१ बा १३ च ३०७४ | ११००० |

| | | | |
|---|---|---|---|
| ६९।०७९।७।२० | व्यवसायिक पशुपालन कृषकहरुलाई हिउदे घासको बीउ वितरण | पाखीबास, वडा नं ४ देखि पशुसेवा केन्द्र थलथलेसम्म घासको बीउ ढुवानी | १५००० |
| १८५।०७९।१२।१२ | सहिद दिवस समारोह कार्यक्रम | प्रचारप्रसारका क्रममा मिति ०७९।७।२९ मा धनकुटा देखि छिन्ताङ | १०००० |
| २७२।०८०।१।२८ | बीउबिजन खरिद | धनकुटा देखि वडा नं १ कार्यालयसम्म बीउबिजन ढुवानी | १०००० |
| ३५८।०८०।३।१२ | विपन्न समुदाय लक्षित कार्यक्रम | धनकुटा बेलढ्डारा देखि केङछाराक सम्म ढुवानीबापतको खर्च | १०००० |

सैद्धान्तिक बेरुजु

९२ **फरक कार्यक्रमबाट खर्च-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने अवस्था भएमा कारण सहित कार्यक्रम संशोधन गर्नको लागि लेखी पठाउन पर्ने र त्यसरी लेखी पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकूल हुने गरी पठाउनु पर्ने र कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको अधिनमा रही आवश्यकता र औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गरी वजेट सुचना प्रणालीमा अद्यावधिक गरी खर्च गर्नपर्ने व्यवस्था छ । पालिकाको सुत्रमा स्वीकृत भई आएको संघिय ससर्त तर्फका कार्यक्रमहरुमा देहाय वमोजिमका खर्चहरु भुक्तानी गर्दा कार्यक्रम संशोधन वेगर फरक कार्यक्रमवाट खर्च भुक्तानी गरेको देखियो । नियमावली वमोजिम कार्यक्रम संशोधन गरेर मात्र वजेट खर्च लेख्नुपर्नेमा संशोधन वेगर खर्च लेखेकोले सो रकम नियमित गर्नुपर्ने रु

| **गो भौ नं र मिति** | **भुक्तानी दिएको शिर्षक** | **भुक्तानी दिनुपर्ने शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २०६/२०८०।३।२३ ससर्त | संस्थागत क्षमता विकास र परीक्षा सञ्चालन | शैक्षिक गुणस्तर सृदढीकरण | ५५००० | **विद्यालयलाई अनुदान दिदा शिर्षक फरक परेको** |

| | | | | |
|---|---|---|---|---|
| ७४।२०७९।१२।२२ | आयुर्वेद औपधालयको तलब भत्ता | मेसिनरी खरिद | १४९१६० | ल्यापटप तथा प्रोजेटर खरिद गरी भुक्तानी भएको । |
| १२३।२।७ | कृषि स्नातक करार | फर्निचर खरि | ८३०५५ | फर्निचर खरिद गरी भुक्तानी दिएको । |
| २०४।३।२३ | लघु उद्यम विकास कार्यक्रम | ल्यापटप खरिद | १३५६०० | ल्यापटप तथा रेनकोट खरिद गरेको । |
| **जम्मा** | | | **४२२८१५** | |

| | |
|---|---|
| अनियमित भएको | ४,२२,८१५ |

९३ **औषधी बितरण-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले स्थानीय तह प्रकोप व्यवस्थापन कोष, गो.भौ.नं।मिति ५।०८०।२।२३ बाट लम्पी स्किन रोग उपचारका लागि अनुपमा भेटनरी औषधी पसलबाट रु.४ लाखको औषधी खरिद गरेको देखियो । पालिकाले पेश गरेको लम्पी स्किन रोग उपचार रजिष्टर अनुसार ३४७ जना कृषकहरुलाई सो औषधी वितरण गरेकोमा आंशिक रुपमा मात्र कृषकहरुले औषधी बुझिलिएको दस्तखत गरेको देखियो । पालिकाले पेश गरेको औषधी वितरण विवरणमा अधिकांश कृषकहरुले औषधी बुझिलिएको हस्ताक्षर नभएको र कृषकहरुको औषधी माग फारम समेत नरहेका कारण सो औषधीहरु कृषकहरुले बुझिलिएको हो/होईन सो सम्बन्धमा यकिन हुन सकिएन। तसर्थ पालिकाले औषधी वितरण गर्दा कृषकहरुको माग फारम तथा बुझिलिएको प्रमाण खुल्ने यथेष्ट कागजातहरु संलग्न गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९४ **निशुल्क औषधी वितरणको लोगो** - पालिकाले खरिद गरेका औषधिहरूमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय का औषधिहरूमा

निम्नानुसार निशुल्क वितरण, संस्थागत आपूर्ति तथा केहीमा मूल्य समेत कायम रहेको पाइयो । तसर्थ पालिकाले खरिद गरेका तथा हस्तान्तरण भई आएका औषधीहरुमा निशुल्क वितरण तथा संस्थागत प्रयोजनका लागि मात्र भन्ने लोगो लगाउनुपर्दछ ।

| सि.नं. | औषधी | कैफियत |
|---|---|---|
| १ | PARACETAMOL ५०० mg | Rs. १ per tablet |
| २ | Azithromycin ५०० mg | Rs. २४.८८ per tablet |
| ३ | Amlodipine Tablet | Ins. Supply |
| ४ | Folic acid | Ins. Supply |

सैद्धान्तिक बेरुजु

९५ **ईन्टरनेट सुविधा-** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ प्रदेश नं १, को दफा ७ को उपदफा २मा भौतिक रुपमा उपस्थित नभई अनलाईनबाट संचालन हुने तालिम, गोष्ठीमा सरकारी कार्यालयमा नबसी घरबाट सहभागी हुने पदाधिकारी तथा अन्य सहभागीहरुलाई ईन्टरनेट सुविधा बापत प्रतिदिन प्रतिसहभागी रु.२०० उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति २९६।०८०।२।१७ मार्फत मिति २०८०।२।३ देखि ०८०।२।७ सम्म गाउँपालिका भवनमा संचालन गरिएको ५ दिने विद्यालय Accounting system Training मा २४ जना सहभागीहरुलाई इन्टरनेट खर्चबापत ५ दिनको प्रतिदिन रु.२०० का दरले रु.२४००० खर्च लेखेको देखियो । साथै सो तालिममा २४ जना सहभागीहरुलाई यातायात खर्च बापत रु.१००० का दरले रु.२४००० भुक्तानी गरेको देखियो । सार्वजनिक खर्चको मापदण्डअनुसार अनलाईनबाट संचालन हुने तालिम तथा गोष्ठीमा मात्रै ईन्टरनेट सुविधाबापत प्रतिदिन प्रतिसहभागी रु.२०० उपलब्ध गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले भौतिक उपस्थितिसहित पालिका भवनमै संचालन गरिएको तालिममा ५ दिनको प्रतिदिन प्रति सहभागीबापत रु.२०० का २४ जनालाई रु.२४००० भुक्तानी दिएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | २४,००० |

९६ **घासको बिरुवा वितरण-**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति ३७७।०८०।३।१८ मार्फत व्यवसायिक पशुपालक कृषकहरुलाई वर्षेघासका बिरुवा वितरण कार्यक्रममा बस्नेत गौशाला पशुपालन

तथा कृषि फर्म नर्सरी बाट सुपर नेपियर बिरुवा ८००० वटा, रेड नेपियरको बिरुवा ५००० वटा, सुम्बा सेटेरियाको बिरुवा ७००० वटा र किम्बुको बिरुवा ५००० खरिद गरी रु.१३६००० खर्च लेखेको देखियो । पालिकाले ६३ जना कृषकहरुलाई सुपर नेपियर, रेड नेपियर र सुम्बा सेटेरियाको बिरुवा र १३३ कृषकहरुलाई किम्बुको बिरुवा वितरण गरेको भरपाईबाट देखिएको छ । पालिकाले कृषकहरुको माग फारम, कृषकहरुको छनोट कसरी भयो र प्रति कृषकहरुलाई कति वितरण गर्ने , क-कसलाई वितरण गरिएको हो सो सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुको निर्णय तथा अनुगमन प्रतिवेदन लगायतका कागजातहरु पेश नगरेकोले वितरण न्यायोचित भएको सम्बन्धमा आश्वस्ता हुन सकिएन। तसर्थ पालिकाले कृषि सामाग्रीहरु वितरण गर्दा कृषकहरुको माग संकलन, कृषकहरु छनोट भएको आधार तथा क-कसलाई वितरण गरिएको हो सो सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुको निर्णय तथा अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

९७ **जरिवाना शुल्क-**सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ को दफा २१ को उपदफा ३ मा रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना बापतको रकम तोकिएको जिम्मेवार व्यक्तिबाट वा सम्बन्धित कार्यालय प्रमुख र लेखाप्रमुखबाट दामासाहीले असुलउपर गरिने व्यवस्था छ । पालिकाले निम्नानुसारका गो.भौ.नं।मिति मार्फत विद्युत महसुल भुक्तानी गर्दा जरिवाना रकम समेत भुक्तानी गरेको देखियो । पालिकाले मापदण्ड अनुरुप समयमा बिजुली महसुल भुक्तानी नगरेका कारण रु.११११९३ बढी व्ययभार परेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| **गो.भौ.नं।मिति** | **विवरण** | **कुल बिल रकम** | **बिल रकम** | **जरिवाना रकम रु.** |
|---|---|---|---|---|
| १५१।०७९।११।२९ | सहिदभुमि गाउँ भवनको विद्युत बिल , बिल नं १४२०८९।०७९।११।२९ | ६४६१०.७८ | ५३४१८ | १११९२.७८ |

| अनियमित भएको | ११,१९३ |
|---|---|

९८ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ।

पालिकाले गो.भौ.नं।मिति ३३५।०८०।३।८ मार्फत सिद्धदेवी मा.वि.लाई कम्प्युटर कक्षा संचालनका लागि शिक्षकको तलबभत्तामा एकमुष्ट रु.३लाख निकासा गरेको देखियो । सिद्धदेवी मा.वि.ले कम्प्युटर शिक्षक सिर्जना राईलाई मासिक रु.२५००० का दरले १२ महिनाको कुल रु.३ लाख तलब भत्ता भुक्तानी गरेको देखियो । विद्यालयले कम्प्युटर शिक्षकको नियुक्तिका लागि विज्ञापन नं ०१।०७९।८०, विद्यालयको च.नं.७०, पत्र संख्या.०७९।८० मिति ०७९।४।२३ को पत्रानुसार शिक्षक छनोट परीक्षा संचालन भई शिक्षक छनोट समितिको मिति ०७९।४।१२ को बैठकको सिफारिस अनुसार कम्प्युटर शिक्षक पदमा सिर्जना राई नियुक्ति गरेको देखियो । श्रावण महिनामा १८ दिनको मात्र तलब हुनुपर्नेमा रु.२५००० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

९९ **प्रशिक्षक खर्च-**

✄ **...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।२३ को निर्णयबाट रु. २३२९०।-सम्परीक्षण गरिएको ।**

१०० **अनुदान वितरण -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति २९१।०८०।२।१५ मार्फत तरकारी मिनि पकेट वितरण कार्यक्रममा सिंधुवा एग्रोभेट सप्लायर्सबाट १० ग्रामका २६३ प्याकेट बन्दागोपीको बिउ खरिद गरी रु.९९९४० खर्च लेखेको देखियो । पालिकाले ८५ जना कृक्षक र ४ कृषक समुहलाई कुल २६३ प्याकेट बीउ वितरण गरेको भरपाईबाट देखिएको छ । पालिकाले कृषकहरुको माग फारम, कृषकहरुको छनोट कसरी भयो र प्रति कृषकहरुलाई कति वितरण गर्ने , क-कसलाई वितरण गरिएको हो सो सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुको निर्णय तथा अनुगमन प्रतिवेदन लगायतका कागजातहरु पेश नगरेकोले वितरण न्यायोचित भएको सम्बन्धमा आश्वश्ता हुन सकिएन। तसर्थ पालिकाले कृषि सामाग्रीहरु वितरण गर्दा कृषकहरुको माग संकलन, कृषकहरु छनोट भएको आधार तथा क-कसलाई वितरण गरिएको हो सो सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुको निर्णय तथा अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०१ **अन्य संस्था सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न संघ संस्थाहरुलाई रु. ३८ लाख आर्थिक सहायता वितरण गरेको पाइयो । जसका केही उदाहरणहरु निम्नानुसार छन ।

| गो.भौ.नं।मिति | खर्च शीर्षक | विवरण | रकम रु. |
|---|---|---|---|
| १७३।०७९।१२।८ | अन्य सामाजिक सहायता | आदिबासी जनजाती पत्रकार महासंघलाई आर्थिक सहायता | १८५०० |
| १७४।०७९।१२।८ | अन्य पर्यटन विकास कार्यक्रम | धनकुटा उद्योग वाणिज्य संघलाई धनकुटा महोत्सवका लागि सहयोग | १५०००० |
| २६०।०८०।१।२४ | मौलो पुजा | प्रहरी चौकी त्रिवेणीलाई सहयोग | १६००० |
| २६०।०८०।१।२४ | मौलो पुजा | प्रहरी चौकी आखिसल्लालाई सहयोग | १६५०० |
| ३३४।०८०।३।८ | अन्य पर्यटन विकास | धनकुटा काठमाडौं सास्कृतिक समाजलाई आर्थिक सहायता | ३०००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सहिदभूमि गाउँपालिका, धनकुटा , सहिदभूमि गाउँपालिका , धनकुटा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नविन कार्की | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नितेश कुमार यादव | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,४९१,७४६.०६ | ५,६५७,७६७ | १३,०५१,१४८.२१ | ० | ० | २,५२८,०८० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २८,७२८,७४१.२७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९,४०८,७७०.७३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,३१९,९७०.५४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७५७२०२०६.३९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४०९७३४२७ | चालु खर्च | ३९२७३४०१७.७ |
| प्रदेश सरकारबाट अनुदान | १८१५०३७५ | पूँजीगत खर्च | १२८६२६५३२ |
| राजश्व बाँडफाँट | ६४९२२९३७.४३ | वित्तीय/अन्य व्यवस्था | २२५२६२०९.७ |
| आन्तरिक आय | ४३५०३३४.९९ | | |
| अन्य आय | १०५३३४८३८.२३ | | |
| कुल आय | ५३३७३१९१२.६५ | कुल खर्च | ५४३८८६७५९.४ |
| बाँकी मौज्दात | | ६५५६५३५९.६४ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५५,२८,०७,२८३.२९ | ४०,६९,८३,८३२.७२ | | ४०,६९,८३,८३२.७२ | ४३,७२,२३,३५७.४० | | ४३,७२,२३,३५७.४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५३,८०,७६,७७५.७८ | ४०,५८,७०,८६४.७२ | ० | ४०,५८,७०,८६४.७२ | ४३,४०,४५,०२५.४० | ० | ४३,४०,४५,०२५.४० |
| ११००० कर | ८,५०,४९,६९०.०० | ६,७०,२१,३९३.०१ | ० | ६,७०,२१,३९३.०१ | ६,७९,३८,७३२.०० | ० | ६,७९,३८,७३२.०० |
| १३००० अनुदान | ३८,५१,७२,६००.०० | ३३,६५,९७,५९२.३० | ० | ३३,६५,९७,५९२.३० | ३६,३३,०१,८४५.४० | ० | ३६,३३,०१,८४५.४० |
| संघीय सरकार | ३६,३३,३२,६००.०० | ३२,५२,८०,१६१.३० | ० | ३२,५२,८०,१६१.३० | ३४,५५,०२,०८८.४० | ० | ३४,५५,०२,०८८.४० |
| प्रदेश सरकार | २,१८,४०,०००.०० | १,१३,१७,४३१.०० | ० | १,१३,१७,४३१.०० | १,७७,९९,७५७.०० | ० | १,७७,९९,७५७.०० |
| १४००० अन्य राजस्व | २७,५५,०००.०० | २१,१०,१८३.४१ | ० | २१,१०,१८३.४१ | २१,८७,१८६.०० | ० | २१,८७,१८६.०० |
| १५००० विविध प्राप्ति | १,००,०००.०० | १,४१,६९६.०० | ० | १,४१,६९६.०० | ६,१७,२६२.०० | ० | ६,१७,२६२.०० |
| ३२००० वित्तीय सम्पत्ति | ६,४९,९९,४८५.७८ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १,४७,३०,५०७.५१ | ११,१२,९६८.०० | | ११,१२,९६८.०० | ३१,७८,३३२.०० | | ३१,७८,३३२.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | १,४७,३०,५०७.५१ | ५०,०००.०० | ० | ५०,०००.०० | ० | ० | ० |
| धरौटी | ० | १०,६२,९६८.०० | ० | १०,६२,९६८.०० | ३१,७८,३३२.०० | ० | ३१,७८,३३२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५५,२८,०७,२८३.२९ | ४२,५०,९१,५५८.४७ | | ४२,५०,९१,५५८.४७ | ४४,२२,०९,२४६.०८ | | ४४,२२,०९,२४६.०८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५३,८०,७६,७७५.७८ | ४१,२७,३६,५६३.५७ | | ४१,२७,३६,५६३.५७ | ४३,०१,७६,२३७.०८ | | ४३,०१,७६,२३७.०८ |
| २१००० पारिश्रमिक / सुविधा | १९,७८,७२,४००.०० | १८,०९,२६,००५.८० | ० | १८,०९,२६,००५.८० | १५,५६,२०,३५६.७७ | ० | १५,५६,२०,३५६.७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १३,९०,२७,३३३.०० | ९,८९,५६,६६२.७७ | ० | ९,८९,५६,६६२.७७ | ९,२६,२३,५७९.३१ | ० | ९,२६,२३,५७९.३१ |
| २५००० सहायता (Subsidy) | ३,७८,०००.०० | ३,६८,७००.०० | ० | ३,६८,७००.०० | ० | ० | ० |
| २६००० अनुदान | ५,००,०००.०० | १,६७,०००.०० | ० | १,६७,०००.०० | ५३,८७,८७२.०० | ० | ५३,८७,८७२.०० |
| २७००० सामाजिक सुरक्षा | ७०,७७,०००.०० | ३३,७३,३५३.०० | ० | ३३,७३,३५३.०० | ८३,५०,१९६.०० | ० | ८३,५०,१९६.०० |
| २८००० अन्य खर्च | ११,००,०००.०० | ३,१८,३१०.०० | ० | ३,१८,३१०.०० | ५७,३९,७१८.०० | ० | ५७,३९,७१८.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १९,२१,२२,०४२.७८ | १२,८६,२६,५३२.०० | ० | १२,८६,२६,५३२.०० | १६,२४,५४,५१५.०० | ० | १६,२४,५४,५१५.०० |
| घ. अन्य भूक्तानी | १,४७,३०,५०७.५१ | १,२३,५४,९९४.९० | | १,२३,५४,९९४.९० | ४४,२२,०९,२४६.०८ | | ४४,२२,०९,२४६.०८ |
| कोषहरु | १,४७,३०,५०७.५१ | ९६,६२,८१५.०० | ० | ९६,६२,८१५.०० | १,०७,९८,४४५.०० | ० | १,०७,९८,४४५.०० |
| धरौटी | ० | २६,९२,१७९.९० | ० | २६,९२,१७९.९० | १२,३४,५६४.०० | ० | १२,३४,५६४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,८१,०७,७२५.७५) | | (१,८१,०७,७२५.७५) | (४९,८५,८८८.६८) | | (४९,८५,८८८.६८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ८,३६,७३,०८५.३९ | | ८,३६,७३,०८५.३९ | ८,०६,५६,२४४.८७ | | ८,०६,५६,२४४.८७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ६,५५,६५,३५९.६४ | | ६,५५,६५,३५९.६४ | ७,५६,७०,३५६.१९ | | ७,५६,७०,३५६.१९ |
| बैंक तथा नगद बाकी | | ६,५५,६५,३५९.६४ | | ६,५५,६५,३५९.६४ | ७,५६,७०,३५६.१९ | | ७,५६,७०,३५६.१९ |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| सि.नं | आय तर्फ | | | सि.नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **जम्मा रकम** | | **विवरण** | **रकम** | **जम्मा रकम** |
| १ | **गत वर्षको बैंक मौज्दात** | | ७५,७२०,२०६.३९ | १ | चालु खर्च | २८४,११०,०३१.५७ | २८४,११०,०३१.५७ |
| क | संचित कोष खाता | ६४,९९९,४८५.९८ | | २ | पुँजिगत खर्च | १२८,६२६,५३२.०० | १२८,६२६,५३२.०० |
| ख | स्थानीय प्रकोप व्यवस्थापन | ३२४१७०६.५१ | | ३ | **वितिय व्यवस्थापन भुक्तानी** | | - |
| ग | विविध कोष खाता | १,२७८,१८१.०० | | क | रिन भुक्तानी | - | - |
| घ | मर्मत संभार कोष | १,५२३,७८४.०० | | ख | ब्याज भुक्तानी | - | - |
| ङ | धरौटी खाता | ४,५३४,९१७.९० | | ४ | लगानी | - | - |
| च | विविध खर्च खाता | १४२,१३१.०० | | | | | - |
| | | | | | | | - |
| २ | **राजस्व प्राप्त** | | ६९,२७३,२७२.४२ | | | | - |
| क | आन्तरिक राजस्व | ४,३५०,३३४.९९ | | ५ | विभिन्न कोष तर्फको | | १२,७०५,९२३.८० |
| ख | संघ राजस्व बाँडफाँड | ६२,५९०,०६५.७६ | | क | स्थानीय प्रकोप व्यवस्थापन कोष | १०९०७५९.०० | ० |
| ग | प्रदेश राजस्व बाँडफाँड | २,३३२,८७१.६७ | | ख | धरौटी खाता | ३०४३१०८.८० | - |
| | | | | ग | विविध कोष | | |
| ३ | **संघबाट प्राप्त अनुदानहरु** | | ३४०,९७३,४२७.०० | | कर्मचारी कल्याण कोष | | - |
| क | संघ समानिकरण अनुदान | ८९,९१०,०००.०० | | | महिला तथा बाल बालिका कोष | ०.०० | - |
| ख | शसर्त अनुदान चालु | १९५००८३०१.०० | | घ | मर्मत संभार कोष | १२५१८२४.०० | - |
| ग | शसर्त अनुदान पूजिगत | ४४०१९२६६.०० | | ङ | विविध खर्च खाता | ७३२०२३२.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ | संघ विशेष अनुदान चालु | ७,३२५,८६०.०० | | | | | |
| ङ | संघ विशेष अनुदान पूजिगत | ० | | ६ | जनश्रमदान फिर्ता | | |
| च | संघर समपुरक अनुदान | ४,७१०,०००.०० | | | | | |
| ४ | **प्रदेशबाट प्राप्त अनुदानहरु** | | १८,१५०,३७५.०० | ७ | अनुदान फिर्ता | | २२,५२६,२०९.७० |
| क | प्रदेश शसर्त अनुदान चालु | २,२०७,०००.०० | | | संघ शसर्त अनुदान फिर्ता | १५६९३२६५.७० | |
| ख | प्रदेश शसर्त अनुदान पूजीगत | ४,००१,०००.०० | | | प्रदेश शसर्त फिर्ता | ६८३२९४४.०० | |
| ग | विशेष अनुदान चालु | ० | | | | | |
| ख | प्रदेश समानिकरण अनुदान | ४,४४२,३७५.०० | | ८ | **जम्मा बैंक मौज्दात** | | ६५,५६५,३५९.६४ |
| ग | प्रदेश समपुरक अनुदान | ७,५००,०००.०० | | क | संचित कोष खाता | ५८१३३७८७.१३ | |
| ५ | **कोष खाताहरु** | | | ख | स्थानीय प्रकोप व्यवस्थापन | २,२९७,९०१.५१ | |
| क | स्थानीय प्रकोप व्यवस्थापन कोष | १४६,९५४.०० | १४६,९५४.०० | ग | विविध कोष खाता | १,३२८,१८१.०० | |
| ख | धरौटी खाता | १,४१३,८९६.९० | १,४१३,८९६.९० | घ | विविध खर्च खाता | ३५१,९१७.०० | |
| ग | विविध कोष | | ५०,०००.०० | ङ | मर्मत संभार कोष | ५४७,८६७.०० | |
| | कर्मचारी कल्याण कोष | - | | च | धरौटी खाता | २,९०५,७०६.०० | |
| | महिला तथा बाल बालिका कोष | ५०,०००.०० | | | | | |
| घ | मर्मत संभार कोष | २७५,९०७.०० | २७५,९०७.०० | | | | |
| ङ | विविध खर्च खाता | ७,५३०,०१८.०० | ७,५३०,०१८.०० | | | | |
| ६ | **अन्तरसहकारी हस्तान्तरण अख्तियारिबाट** | | **९५,९१८,०६२.३३** | १४ | **अन्तरसहकारी हस्तान्तरण अख्तियारिबाट** | | **९५,९१८,०६२.३३** |
| क | सामाजिक सुरक्षा | ९५,९१८,०६२.३३ | | क | सामाजिक सुरक्षा | ९५,९१८,०६२.३३ | |

| जम्मा रकम | ६०९,४५२,११९.०४ | ६०९,४५२,११९.०४ | जम्मा रकम | ६०९,४५२,११९.०४ | ६०९,४५२,११९.०४ |
|---|---|---|---|---|---|

**बेरूजु दफा ५.६ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| घटाएका योजना | | | बढाएका योजना | | |
|---|---|---|---|---|---|
| SN | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम | SN | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम |
| १ | खानेपानी टंयकी निर्माण डाडाँकटेरी | १,००,०००.०० | १ | मिलन प्रा.वि. व्यवस्थापन | ५०,०००.०० |
| २ | पाखा खानेपानि भवन मर्मत | ८०,०००.०० | २ | श्री अटल सिंह प्रा.वि.भवन मर्मत वडा नं.-४ | ५,००,०००.०० |
| ३ | आम्बोटे युवा क्लब भवन निर्माण वडा न ४ | ५,००,०००.०० | ३ | HDEP पाइप खरिद | १,००,०००.०० |
| ४ | कबिर बंशगुरु सतसंङ भवन फर्निचर फिक्चर्स | १,००,०००.०० | ४ | श्री टप्पुदेवी मा.वि.मा औजार खरिद | १,००,०००.०० |
| ५ | डाँडागाउँ खेल मैदान निर्माण | १,५०,०००.०० | ५ | ७५ प्रतिशत मूल्य छुट अनुदानमा सुन्तला फलफूल बालीमा भाइरस रोग सर्ने सिट्रस सिल्ला किरा नियन्त्रणका लागि Yellow Sticker Trap खरिद कार्यक्रम | ४,५०,०००.०० |
| ६ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा साझेदारी | १,००,०००.०० | ६ | वगरे थानी सिँढी निर्माण वडा नं. १ | २,००,०००.०० |
| ७ | ७५ प्रतिशत मुल्य छुट अनुदानमा मकैको बिउ बितरण कार्यक्रम | ४०,०००.०० | ७ | डाँडा गाउँ दुख बगाउने भवन निर्माण | १,५०,०००.०० |
| ८ | पाल्लेपानी विद्यालय शैक्षिक सुधार कार्यक्रम | १,००,०००.०० | ८ | ५ नं. वडा कार्यालय हुदै चेम्सुङभुरु सम्म सडक स्तर उन्नती | ५,००,०००.०० |
| ९ | आदर्श मा.वि. सिम्ले सडक | २,००,०००.०० | ९ | चन्दोदय प्रा.वि. व्यवस्थापन | १,५०,०००.०० |
| १० | पाल्लेपानी ग्याबिन तथा सडक | १०,००,०००.०० | १० | विद्यालय सञ्चालन तथा विद्यालय सुधार योजना अनुदान | १,००,०००.०० |
| ११ | प्रकाश थापा ट्रष्ट गेट निर्माण | ५०,०००.०० | ११ | पाखाटोल बाङ्गेचिउरी खानेपानी | ८०,०००.०० |
| १२ | थलथले बुधबारे बजार पर्खाल निर्माण | ५,००,०००.०० | १२ | ७५ प्रतिशत मूल्य छुट अनुदानमा टमाटरको बीउ खरिद कार्यक्रम | ४०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ७५ प्रतिशत मूल्य छुट अनुदानमा फल कुहाउनेऔसा किराब्यावस्थापनको लागि किट नाशक बिसादी प्रोटिन बेट खरिद कार्यक्रम आकस्मिक कृषिजन्य बाली रोग नियन्त्रण तथा ब्यबस्थापन कार्यका लागि ढुशीनाशक बिषादी खरिद कार्यक्रम | ६,००,०००.०० | १३ | लक्षित समूदायका लागि पंञ्चेबाजा खरिद | २,००,०००.०० |
| १४ | पशु रोग नियन्त्रण खोप कार्यक्रम | १,००,०००.०० | १४ | वलाम्छिङग ग्रामीण सडक मर्मत वडा नं. ५ | २,५०,०००.०० |
| १५ | छिन्ताङ्ग पवित्र चर्च भवन निर्माण | १,५०,०००.०० | १५ | हेमाङचाला छोक्ला माक्सापखा हुदै पाखीवास १० जोडने सडक | २,५०,०००.०० |
| १६ | आयआर्जन मूलक अनुदान कार्यक्रम (८० प्रतिशत अनुदान) | २,००,०००.०० | १६ | कबिर बंशगुरु सतसंङ भवन फर्निचर फिक्चर्स तथा मेशिनरी औजार सामग्री खरिद योजना | १,००,०००.०० |
| जम्मा | | ३९,७०,०००.०० | १७ | ७५ प्रतिशत मुल्य छुट अनुदानमा पावर स्प्रेयर खरिद कार्यक्रम | १,५०,०००.०० |
| | | | १८ | आकस्मिक पशु उपचार सेवा कार्यक्रम | १,००,०००.०० |
| | | | १९ | थलथले बुधबारे बजार ट्रष्ट निर्माण वडा नं. ६ | ५,००,०००.०० |
| | | | | **जम्मा** | **३९७००००** |

**बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची - ६**

पेश्की विवरण

| **पेश्की लिएको मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **जम्मा बाँकी पेश्की** | | |
|---|---|---|---|---|---|
| | | | **म्याद नाघेको** | **म्याद ननाघेको** | **जम्मा** |
| ०४/०१/२०७९ | थलथले चाम्चा ग्रामिण सडक | ए. एस कन्स्ट्रक्शन | १८,४७,०००.०० | ० | १८,४७,०००.०० |
| ०४/०१/२०७९ | पन्चकन्या सेती चौक सफाईधाप सडक | शाह निर्माण सेवा | ५,६१,०८०.०० | ० | ५,६१,०८०.०० |
| ०४/०१/२०७९ | जडिबुटी (टिमुर र तेजपात) उत्पादन | साइमन कन्स्ट्रक्सन | ६,३०,०००.०० | ० | ६,३०,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०२/०९/२०८० | थलथले चाम्चा सडक | दिल निर्माण सेवा प्रा. लि. | ०.०० | ८,००,०००.०० | ८,००,०००.०० | |
| ०४/०१/२०७९ | पञ्चकन्या सहिद स्मृति पार्क निर्माण | सहिद स्मृति प्रतिष्ठान समिति | २४,२१,४७५.०० | ० | २४,२१,४७५.०० | |
| ०४/०१/२०७९ | सुरक्षित नागरिक आवास कार्यक्रम | आईत वहादुर माझी | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | अजन वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | उतरमान राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | कुमार राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | कर्ण वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | गंगाराम राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | चन्द्र कुमारी वि.क. | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | जन कुमारी राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | जिर्वाहाङ राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | जीवन राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | तेज वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | थामश्वरी राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | देवेन्द्र कुमार राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | दिल कुमारो राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | गाँउसभा सदस्य पूर्वाधार कार्यक्रम | नेत्र वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | विपन्न सँग अध्यक्ष कार्यक्रम | नर वहादुर सार्की | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | पुनम राई | ३०,०००.०० | ० | ३०,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | प्रधान राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | मैत राज राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | गाँउसभा सदस्य पूर्वाधार कार्यक्रम एक सदस्य एक लाख | मदन गदाईली | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | रेवत राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | राज कुमारी राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | राम कुमारी राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | राम वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | लोक वहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | सुखाराज राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | सुमन राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०४/२१/२०७९ | टिनको छाना लगाउने कार्यक्रम | सुर्य वहादुर कार्की | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०७/०५/२०७९ | विपन्नसंग अध्यक्ष कार्यक्रम | अमल बहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०७/०५/२०७९ | विपन्नसंग अध्यक्ष कार्यक्रम | अमिर बहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०७/०५/२०७९ | विपन्नसंग अध्यक्ष कार्यक्रम | टिकाराम राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०७/०५/२०७९ | विपन्नसंग अध्यक्ष कार्यक्रम | पुरण बहादुर राई | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ०३/१९/२०८० | कर्मचारी तालिम खर्च | राजेन्द्र राई | ०।०० | ५७,०००.०० | ५७,०००.०० | |
| ०३/१०/२०८० | २.२.४ सहयोगी सामाग्रीका लागि सहयोग | प्रकृती राई | ०.०० | १,७६,०००.०० | १,७६,०००.०० | |
| जम्मा | | | ६४१९५५५ | १०३३००० | ७४५२५५५ | |

| | | | | |
|---|---|---|---|---|
| घटाउने अघिल्लो प्रतिवेदनमा समावेश रकम ( साइमन कन्स्ट्रक्सन ६३००००, पञ्चकन्या स्मृति पार्क २४२१४७५, विभिन्न टिनको छाना वापतको रु.८४०००० | ३८९१४७५ | | | |
| **जम्मा वाकी** | २५२८०८० | | | |

**बेरूजु दफा २७.२ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पती कर | २०,००,०००.०० | १४,५७,१४१.५० | ७२.८५ |
| वहाल कर | १,००,०००.०० | १,७१,०२२.९९ | १७१.०२ |
| वहाल विटौरी कर | ५०,०००.०० | १,०२,६४५.०० | २०५.२९ |
| अन्य मनोरञ्जन कर | २५,०००.०० | ० | ०.०० |
| अखेटोपहारमा लाग्ने कर | २०,०००.०० | ० | ०.०० |
| अन्य कर | ५,००,०००.०० | ५,२४,९२४.०० | १०४.९८ |
| न्यायिक दस्तूर | २५,०००.०० | १२,२२५.०० | ४८.९० |
| अन्य प्रशासनिक सेवा शुल्क | १,००,०००.०० | ८७,०००.०० | ८७.०० |
| पार्किङ्ग शुल्क | १५,०००.०० | ० | ०.०० |
| नक्सापास दस्तुर | १,००,०००.०० | ० | ०.०० |
| सिफारिश दस्तुर | ५,००,०००.०० | ८,९७,४१५.०० | १७९.४८ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ४५,०००.०० | ५५,०००.०० | १२२.२२ |
| नाता प्रमाणित दस्तुर | १,००,०००.०० | ० | ०.०० |

| | | | |
|---|---|---|---|
| अन्य दस्तुर | ४,००,०००.०० | ० | ०.०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | २३,५००.०० | ४७.०० |
| अन्य राजस्व | ८,७०,०००.०० | ६,६३,४४०.५० | ७६.२५ |
| व्यवसाय कर | ३,००,०००.०० | २,१४,३२५.०० | ७१.४५ |
| बेरूजू | १,००,०००.०० | १,४१,६९६.०० | १४१.७० |
| **जम्मा** | **७५०००००** | **४३५०३३४.३९** | **५८.००** |

**बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -८**

अवधि थप सम्बन्धी विवरण

| ठे नं | निर्माण व्यवसायी | कामको विवरण | लागत मु अ कर सहित | सम्झौता अंक मु अ कर सहित | हाल सम्मको भूक्तानी | संम्झौता मिति | सम्पन्न गर्नुपर्ने | हाल सम्मको म्यादथप | शुरु अवधी तुलनमा म्यादथप |
|---|---|---|---|---|---|---|---|---|---|
| ७।७८।७९ | एरिना निर्माण सेवा | पन्चकन्या सेतीचोक सफाइधाप स्तरोन्नती | ९१३५९४८ | ६३३३३१७।० | | २०७८।११।१७ | २०७९।३।१५ | २०७९।३।२५<br>२०७९।८।३०<br>२०८०।३।१९<br>२०८०।६।३० | ४५८% |
| ३।७८।७९ | साह निर्माण सेवा | पन्चकन्या सेतीचोक सफाइधाप स्तरोन्नती फेज २ | २२८९०००० | ११६७६७८३।२८ | | २०७८।९।१९ | २०७९।२।३१ | २०७९।३।१५<br>२०७९।८।३०<br>२०८०।३।१९<br>२०८०।६।३० | |

**बेरूजु दफा ७० सँग सम्बन्धित विवरण - अनुसूची -९**

तालिम कार्यक्रमको भत्ता वितरण

| भौचर नं।मिति | भुक्तानी पाउनेको नाम | सहभागिता भत्ता वापतको रकम | यता यत खर्च रकम | प्रशिक्षक भत्ता रकम | जम्मा | कर दाखिला रकम | असुल गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १५३।३।०५ | बद्री कार्की | ० | १८००० | ० | १८००० | ० | १४४०० | पालिकाको तालिम कार्यक्रममा पालिका भित्रका शिक्षक सहभागि भएको हुदाँ वास वस्ने व्यवस्था गर्नु नपर्ने साथै यतायत खर्च एकमुष्ठ रु.२०० पाउने तथा वाह्य प्रशिक्षकहरुले प्रति सेसन ८०० का दरले पारिश्रमिक पाउने । आफ्नै कर्मचारीले एकमुष्ट कार्यपत्र वापतको रकम मात्र पाउने । |
| ७५।१२।२३ | सिता पौडेल | ० | ० | १९२०० | १९२०० | २८८० | १६३२० | आफैले सञ्चालन गरेको कार्यक्रममा प्रशिक्षक भत्ता आफैले बुझेको । |
| | | | | | | | ३०७२० | |